# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ४, अङ्क ४०, पूर्णाङ्क १८६ | २०७५ चैत २० गते बुधबार | Wednesday, 3 April 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## निःशस्त्र व्यक्तिमाथि प्रहरीले गोली चलायो : नेकपा

**अछाम :** नेपाल कम्युनिस्ट पार्टीले निःशस्त्र रूपमा रहेर सङ्गठनको गतिविधि गरिरहेका आफ्नो पार्टीका नेता-कार्यकर्तामाथि प्रहरीले गोली चलाएको बताएको छ। नेकपाले अछामको रामारोशन गाउँपालिका बोटोलासेनमा प्रहरीले अपरेसनका क्रममा गोली प्रहार गरी नेकपाका स्थानीय नेताहरू सुरेश रावत, भूमिका सावत र कमानसिंह सावतलाई गिरफ्तार गरेको बताएको छ। नेकपाका नेताहरूलाई गिरफ्तार गर्ने क्रममा गोली चलाएर प्रहरीले स्थानीय बासिन्दालाई आतङ्कित पारेको उक्त पार्टीले बताएको छ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पार्टीका एक बाँकी पृष्ठ ७ मा

## प्रलेस विघटन

### सल्लाहकारबाट विरही, पुन र रेग्मीको राजीनामा

**काठमाडौं :** 'प्रगतिशील लेखक सङ्घ नेपाल' अर्थात् प्रलेस विघटित बनेको छ। विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने पोलिटब्युरो सदस्य एवम् स्रष्टा अनिल शर्मा 'विरही', पूर्वकेन्द्रीय सदस्य एवम् अधिकारकर्मी सरला रेग्मी र केन्द्रीय सदस्य चिरन पुनले केन्द्रीय सल्लाहकार समितिबाट सामूहिक राजीनामा दिएपछि प्रलेस विवादित र विघटित बनेको हो।

नेपालको पुरानोमध्येको एक साहित्यिक संस्था 'प्रगतिशील लेखक संघ' फेरि एकपटक गम्भीर विवादमा मुछिएर विघटन भएको हो। 'सामन्तवाद, विस्तारवाद र साम्राज्यवादविरोधी लेखकहरूको संयुक्त मोर्चा' का रूपमा विगत करिब सात दशकदेखि क्रियाशील प्रलेस गम्भीर विवादमा मुछिएर विघटनको सिकार बनेको हो। प्रलेस दलाल पुँजीवादी सत्तासीन पार्टी डबल नेकपाको भ्रातृ सङ्गठन बनेको भन्दै मार्क्सवाद लेनिनवाद माओवाद स्वीकार्ने विप्लव नेतृत्व नेकपा, वैद्य निकटको नेकपा (क्रान्तिकारी माओवादी), ऋषि कट्टेल नेतृत्वको नेकपा र आहुति समूहभित्रका इमानदार स्रष्टाहरूले विद्रोह गरेका हुन्। कयौँ मार्क्सवादी स्रष्टाहरूले प्रलेस सामाजिक दलाल सत्तानिकट भ्रातृ सङ्गठनजस्तो बनेको भन्दै यथास्थितिवादी ... बाँकी पृष्ठ ७ मा

# बारा–पर्सामा हुरीको महाविनाश

## उद्धार, राहत र पुनर्निर्माणमा जुट्न महासचिव विप्लवको आह्वान

■ **रातो खबर संवाददाता**/काठमाडौँ

आइतबार साँझ बारा र पर्सामा आएको ९० किलोमिटर प्रतिघन्टाको हुरीसहितको असिना र भीषण वर्षाका कारण २७ जनाको ज्यान जानुका साथै चार सयभन्दा बढी घाइते भएका छन्। उक्त हुरीबतास र पानीले हजारौँ घर भत्काउनुका साथै करोडौँ धनको क्षति हुन पुगेको छ। यो प्राकृतिक प्रकोपले २०७२ सालको भूकम्पले भन्दा ठूलो विनाश गरेको अनुमान गरिएको छ। मध्यतराईका दुईवटा जिल्लामा मात्र केवल ३ मिनेट आएको हुरीले कच्ची घर र झुप्राका साथसाथै पक्की घरहरू पनि भत्काएका कारण घरका छाना र भित्ताले च्यापिएर २७ जनाको मृत्यु हुनुका साथै ६०४ जना घाइते हुन पुगेका हुन्। अहिले यी दुईवटा जिल्लामा भएको धनजन र मानवीय क्षतिप्रति संवेदनशील हुँदै नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले मृतकहरूप्रति श्रद्धाञ्जली तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै सम्बन्धित क्षेत्रका पार्टी र जनवर्गीय सङ्गठनहरूलाई उद्धार, राहत र पुनर्निर्माण गर्न निर्देशन पनि दिएका छन्। साथै विप्लवले सम्बन्धित पक्षलाई पीडितहरूलाई





नेपाल कम्युनिस्ट पार्टी

Communist Party of Nepal

Central Committee

प्रेस विज्ञप्ति

तुरुन्त राहत र उद्धारको व्यवस्था गर्न पनि अपिल गरेका छन्।

विप्लवको वक्तव्यमा भनिएको छ, 'आइतबार बेलुका बारा र पर्सामा आएको आँधी, हुरीसहितको असिना र पानीका कारण ३१ जनाभन्दा बढीको ज्यान गएको र चार सयभन्दा बढी घाइते हुनुका साथै ठूलो जनधनको क्षति भएको घटनालाई लिएर हाम्रो सिङ्गो पार्टीपङ्क्ति निकै दुःखी भएको छ। उक्त प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ। मृतकका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौँ र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्दछौँ। साथै यो दुःखद् घडीमा मृतकका परिवारलाई राहत, घाइतेहरूको शीघ्र उपचारको व्यवस्था गर्नुका साथै घरबारविहीनहरूको व्यवस्था गरियोस् भन्दछौँ। सम्बन्धित क्षेत्रको हाम्रो पार्टीपङ्क्तिलाई सबै क्षेत्रबाट सहयोग गर्न निर्देशन पनि गर्दछौँ।'

यत्रो विपत्ति पर्दा पनि राज्य पक्षले केवल प्रचार मात्र गरेको र पीडितका लागि आवश्यक पर्ने कुनै राहतको व्यवस्था नगरेको गुनासो आउन थालेको छ। केवल दुईवटा जिल्लाले विपत्तिको सामना गर्नुपरेको भए पनि यो राष्ट्रिय विपत्तिमा सम्पूर्ण नेपालीले एक भएर सामना गर्नुपर्ने भएको छ।

## पूर्वप्रधानसेनापतिले भने– विप्लव राष्ट्रघाती र देशविरोधी होइनन्

■ **रातो खबर संवाददाता**/काठमाडौँ



नेपाली सेनाका पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र उक्त पार्टीका महासचिव विप्लव राष्ट्रघाती र देशविरोधी नभएको बताएका छन्। नेकपा राजनीतिक शक्ति भएको धारणा राख्दै क्षत्रीले विप्लव नेकपालाई राजनीतिक व्यवहार गरिनुपर्ने बताएका छन्। काठमाडौँबाट प्रकाशित हुने एक दैनिक पत्रिकासँगको विशेष कुराकानीका क्रममा क्षत्रीले नेकपासँग औपचारिक वार्ताबिना सेना-प्रहरी परिचालन गरेर नियन्त्रणमा लिन खोज्नु मुलुकका लागि घातक हुनसक्ने चेतावनी दिए।

पूर्वप्रधानसेनापति क्षत्रीले भने, 'विप्लव र उनी संलग्न नेकपा राष्ट्रघाती र देशविरोधी होइनन्। उनीहरूमाथि राजनीतिक शक्तिकै व्यवहार गरिनुपर्छ। समस्या सुल्झाउन राजनीतिक वार्ता र सहमति सबैभन्दा उपयुक्त विकल्प हो। वार्ताबिनै बल प्रयोग गर्दा देश पुनः द्वन्द्वमा फस्ने जोखिम रहन्छ।' नेकपामाथि प्रतिबन्ध लागेपछि पक्ष र विपक्षमा अभिव्यक्ति आइरहेका बेला गत भदौ २४ गते अवकाश पाएका पूर्वप्रधानसेनापति क्षत्रीले प्रतिबन्धित नेकपाका नेता-कार्यकर्ता नियन्त्रण गर्न सेनालाई अघि नसार्न सरकारलाई सुझावसमेत दिए।

आफू अवकाश हुनुअघिसम्म सरकारलाई राजनीतिक समस्या वार्ताबाटै हल गर्न सुझाव दिएको र पहिलेको धारणा र सुझावमा त्यति तात्विक फरक नभएको उनले स्पष्ट पारे। नेकपा राजनीतिक शक्ति भएको र समस्या सुल्झाउन ... बाँकी पृष्ठ ७ मा

## नेकपामाथिको प्रतिबन्ध असंवैधानिक भएको बारको ठहर

■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल बार एसोसिएसनले नेपाल कम्युनिस्ट पार्टीलाई सरकारले लगाएको प्रतिबन्ध असंवैधानिक भएको ठहर गरेको छ। बारले सरकारलाई प्रतिबन्ध फिर्ता लिन आग्रह पनि गरेको छ। गत मङ्गलबार प्रेसविज्ञप्ति जारी गर्दै बारले यस्तो धारणा सार्वजनिक गरेको हो।

बार एसोसिएसनका महासचिव अधिवक्ता खम्मबहादुर खातीले विज्ञप्ति जारी गर्दै राजनीतिक समस्यालाई राजनीतिक तरिकाले नै समाधान खोजिनुपर्ने बताएका छन्। नेपालको संविधान २०७२ को धारा २७० बमोजिम राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाइने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि वली सरकारले त्यसका विरुद्ध गएर विप्लव नेतृत्वको नेकपामाथि गैरसंवैधानिक तरिकाले प्रतिबन्ध लगाएको बार एसोसिएसनले जनाएको छ। प्रेसविज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई मिति २०७५ फागुन २८ गतेदेखि लगाएको प्रतिबन्ध नेपालको संविधान २०७२ को धारा २७० बमोजिम राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाउने स्पष्ट संवैधानिक व्यवस्थाको प्रतिकूल हुनेगरी भएगरेको मन्त्रिपरिषद्को निर्णय गैरसंवैधानिक रहेको बारको ठहर छ।'

बारकै आग्रहमा सरकारको प्रतिबन्ध र नेता-कार्यकर्तामाथिको दमन तथा गिरफ्तारीको विरुद्ध नेकपाले सोमबार १६ गतेका लागि घोषणा गरेको नेपाल बन्द फिर्ता लिएको थियो। एसईई परीक्षालाई ध्यान दिँदै नेकपाले चैत १६ गते शनिबार नेपाल बन्द आह्वान गरेको जनाएको थियो। तर पनि बार एसोसिएसनले १६ गतेका दिन बार एसोसिएसनको निर्वाचन हुने भएको एसईईबाहेकका अन्य विद्यार्थीको परीक्षा हुने भएकाले बन्द फिर्ता लिन आग्रह गरेपछि नेकपाले बन्द फिर्ता लिएको थियो।

## सरकार तानाशाही बाटोमा अघि बढ्यो



■ **रातो खबर संवाददाता**/बुटवल

नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएर सरकार तानाशाही बाटोमा हिँडेको बताएका छन्। ब्रिटिस गोर्खा भूतपूर्व सैनिक सङ्गठन (बिगेसो) को आयोजनामा बुटवलमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। उनले सरकार दुईतिहाइको दम्भ बोकेर तानाशाही बाटोमा अघि बढिरहेको बताए।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका महासचिव किरणले सीके राउतसँग अचानक सहमति गर्ने, रेशम चौधरीलाई जेल हाल्ने अनि विप्लवलाई प्रतिबन्ध लगाउने काम गलत भएको बताए। उनले रेशम चौधरी, सीके राउत र विप्लवसम्बन्धी घटनाहरूले सरकार तानाशाही बाटोमा हिँडेको पुष्टि भएको दाबीसमेत गरे। किरणले सीके राउतसँग अचानक सहमति गर्नु, रेशम चौधरीलाई आजीवन जेल हाल्नु अनि विप्लव नेकपालाई प्रतिबन्ध लगाउनु गलत भएको बताए।

सत्तासिन दलहरूले आफ्नो इतिहास भुलेको बताउँदै उनले भने, '२०२८ सालमा झापाको बन्दुकले माले, ... बाँकी पृष्ठ ७ मा

## सरकारी प्रतिबन्ध र पार्टीको आगामी कार्यभार

सरकारले हाम्रो पार्टी नेकपामाथि प्रतिबन्ध लगाएपछि देश राजनीतिक ध्रुवीकरणको नयाँ चरणमा प्रवेश गरेको छ। अब हरेक नेपालीलाई सरकारले प्रतिबन्धका पक्षमा उभिने कि त्यसको विपक्षमा ? कठोर प्रश्न खडा गरेको छ। यो स्थितिमा पार्टीले कस्तो नीति अवलम्बन गर्ला ? सबैमा चासो पनि छ। त्यसैले यसबारे सङ्क्षिप्त रूपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ।

**प्रतिबन्ध : प्रजातन्त्रवाद कि प्रतिक्रान्ति ?**

सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली' को नारा सफल पार्न नेकपामाथि प्रतिबन्ध लाउनुपरेको दाबी गरे पनि त्यो नारामा सरकार बेकम्मा र असफल साबित हुँदै गएपछि त्यसको ढाकछोप गर्न र जनतामाथि जबर्जस्ती युद्ध थोपर्न पार्टीमाथि प्रतिबन्ध लगाएको स्पष्ट छ। त्यसैले सैद्धान्तिक रूपमा सरकारी प्रतिबन्धले प्रजातन्त्रवाद वा प्रतिक्रान्ति केको प्रतिनिधित्व गर्दछ ? साथै व्यावहारिक रूपमा नेकपामाथि किन प्रतिबन्ध लाग्यो ? चर्चा गर्न आवश्यक छ।

प्रजातान्त्रिक सिद्धान्तका एक प्रमुख अमेरिकी अध्येता रबर्ट ए. डाहालले सारमा जनताको शासन बुझाउने प्रजातन्त्र र गणतन्त्रमा भाषिक अन्तर रहेकाले प्रजातन्त्र नै मानिसको एक मात्र अन्तिम विकल्प भएको दाबी गर्दै 'प्रजातन्त्रबारे' भन्ने आफ्नो किताबमा लेखेका छन्, 'प्रजातन्त्रले दुष्ट, भ्रष्टाचारी निरङ्कुश शासकको सरकार बन्ने कुरामा रोक लगाउन सहयोग गर्छ।' त्यसमा उनले 'आदर्श प्रजातन्त्र र वास्तविक प्रजातन्त्र' का बीचमा ठूलो खाडल रहेको स्वीकार्दै 'प्रजातन्त्र निकै हदसम्म एउटा संयोगको कुरा' बताएका छन्। यसलाई नेपाली उखानमा व्यक्त गर्दा जनताका लागि त प्रजातन्त्र नेपालको सन्दर्भमा लोकतन्त्र 'आकाशको फल आँखा तरी मर' जस्तै हो।

**देश/परिवेश**

■ भरत बम 'रणवीर'



यसलाई अझ स्पष्ट पार्दै 'राज्य र क्रान्ति' नामक किताबमा लेनिनले भनेका छन्, 'पुँजीवादी प्रजातन्त्रवादमा अझ बढी क्रूरता, बर्बरता र रगतको समुद्रको आवश्यकता पर्दछ। एक तुच्छ अल्पसङ्ख्यकका लागि प्रजातन्त्रवाद, धनीमानीहरूका निम्ति प्रजातन्त्रवाद, यही हो पुँजीवादी समाजको ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# अजम्बरी सत्ता !

संसदीय व्यवस्थाको सुन्दर पक्ष र लोकतान्त्रिक विशेषता आवधिक निर्वाचन हो भन्ने गरिन्छ । ४ वा ५ वर्षमा हुने चुनाव र त्यसको परिणामका आधारमा सरकार सञ्चालक र प्रतिपक्षको प्रावधान गरिएको हुन्छ । नेपालमा यस्तो संसदीय व्यवस्थाको अभ्यास अहिलेसम्म ३ पटक फरकफरक समयमा गरिएको छ, २००७ सालपछि २०१७ पुस १ गतेसम्म, २०४६ चैत २६ देखि २०६१ माघ १८ सम्म र २०६३ साल वैशाख ११ गतेदेखि अहिलेसम्म । यी ३ वटै अवधिमा कुनै पनि सरकारले आफ्नो पूर्ण कार्यकाल पूरा गर्न सकेनन् । यसबीचमा २०१५ सालमा नेपाली काङ्ग्रेसले दुई तिहाई मत प्राप्त गऱ्यो तर त्यसलाई काङ्ग्रेसले चलाएको सरकारप्रति जनतामा बढ्दै गएको असन्तुष्टिलाई महेन्द्रले आफ्नो पक्षमा पार्दै निरङ्कुश पञ्चायती शासन प्रणाली लादेका थिए ।

त्यसपछि पञ्चायतविरुद्ध भएको आन्दोलनबाट विस्थापित हुन पुगेपछि बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापना भएको थियो । २०४८ सालमा भएको चुनावमा स्पष्ट बहुमत प्राप्त गरेको काङ्ग्रेसका गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनाएको सरकारले पनि पूर्ण कार्यकाल शासन गर्न सकेन । त्यो समयमा काङ्ग्रेस त्यसमा पनि गिरिजा गुटमा अजम्मरी सत्ताको भूत सवार भएको थियो । तत्कालीन काङ्ग्रेसमा अब उनीहरू सधैँका लागि सत्तासीन भैराख्छन् भन्ने ठूलो भ्रम पलाएको थियो । अन्ततः आफ्नै पार्टीभित्रको छत्तीसे र चौहत्तरेको अन्तरभिडन्तले गिरिजाले राजीनामा दिनुपऱ्यो र मध्यावधि चुनाव भएर काङ्ग्रेस दोस्रो पार्टी हुन पुगेको थियो । एमालेले ठूलो पार्टी भए पनि बहुमत प्राप्त गर्न सकेन । एमालेले ९ महिने कार्यकाललाई पनि अजम्मरी सम्झेको थियो । उसको सरकार त तासको घर ढलेझैँ सामान्य झोक्काले भत्याङ्भुतुङ भएको थियो । २०५६ सालमा भएको अर्को चुनावमा नेपाली काङ्ग्रेसले फेरि स्पष्ट बहुमत ल्यायो तर त्यो पनि लामो समयसम्म टिक्न सकेन । त्यहाँ त झनै रमाइलो भएको थियो । २०५६ सालमा प्रधानमन्त्री बन्न पुगेका कृष्णप्रसाद भट्टराईलाई उनकै पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले च्यूत गरेका थिए । गिरिजालाई उनकै कनिष्ठ शेरबहादुर देउवाले विस्थापित गरेका थिए । अन्त्यमा देउवाले ज्ञानेन्द्रलाई संसदीय व्यवस्था नै जिम्मा लगाएका थिए ।

यी वृत्तान्तहरूले नेपालमा संसदीय व्यवस्था पनि अनुपयुक्त भएको पुष्टि गरेको छ । यी अवधिहरूमा नेपालमा जनयुद्धको उद्घोष भएको थियो । त्यसले सामन्ती राजतन्त्रको अन्त्य गऱ्यो । जनयुद्धको अभीष्ट त नयाँ जनवाद स्थापना गर्दै समाजवाद हुँदै साम्यवादसम्म पुग्ने थियो तर संसदीय गणतन्त्रमा नै जनयुद्धलाई विश्राम गराइएको थियो । तर पनि जनयुद्धकै कारण गणतन्त्रको स्थापना भएको थियो ।

गणतन्त्र स्थापनासँगै तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २०६४ सालको संविधानसभाको चुनावमा अत्यधिक मत ल्याएर सबैभन्दा ठूलो र अग्लो पार्टी बन्न पुगेको थियो । संसदीय प्रणालीमा प्रवेश गरिसकेको तत्कालीन माओवादीका मुख्य नेता पुष्पकमलले आफूलाई अजम्मरी सम्झेका थिए । तर २०६५ साल भदौमा पुष्पकमल दाहालको नेतृत्वमा बनेको सरकारले पनि नौ महिना पूरा गर्न सकेन । माधव नेपाल, झलनाथ खनाल हुँदै बाबुराम भट्टराईको प्रधानमन्त्रीत्वसँगै संविधानसभा विघटन भएको थियो ।

त्यसपछिको २०७० सालमा माओवादीका मुख्य नेतालाई पूरै गलाएर गराइएको दोस्रो संविधानसभाको चुनावी नाटकले पुष्पकमलहरूलाई संसदीय व्यवस्थाको अनुकूल आकारमा पुऱ्याएको थियो । त्यसपछि विकृत दलाल संसदीय व्यवस्थाको संविधान घोषणासँगै सङ्घीयताअन्तर्गत ३ तहको चुनाव भएपछि केपी वलीको गठबन्धनले अत्यधिक बहुमत ल्याएर उनी स्वयम् प्रधानमन्त्री बन्न पुगेका छन् । अहिले केपी वलीले आफू र आफ्नो सरकार अजम्मरी भएको जस्तो गरेका छन् । उनको 'भ्रूभंग' कस्तो छ भने उनी आजीवन सरकारमा रहिरहन्छन् । अझ यति मात्र होइन, उनले लुई बोनापार्टको सपना देखेको भान हुन्छ ।

उनको सरकारको १३ महिनामा आफूबाहेक अरू सबैलाई भुसुना देख्ने गरेका छन् । सामान्य संसदीय व्यवस्थाका प्रावधान, मूल्य र मान्यतालाई पनि उनले बेवास्ता गरेका छन् । लोकतन्त्र, बहुदलीय व्यवस्थाको सच्चा पहरेदार र अनुयायी भन्न नथाक्ने वली उनीहरूकै संविधान, कानुन, पद्धति र प्रक्रियाभन्दा आफूलाई माथि राख्ने गरेका छन् । उनले देशीविदेशी प्रतिक्रियावादीलाई खुसी बनाएकाले आफ्नो सरकारको आयु दीर्घ रहनेछ भन्ने भ्रम पालेका छन् । तर यी सबै उनका लागि केवल के जातिको न्यानो भनेजस्तो मात्र हो । उनको पार्टी र विरासतसँग कम्युनिस्ट भन्ने पदावली जोडिएको छ । त्यही पदावली देशीविदेशी प्रतिक्रियावादीका लागि आँखाको कसिङ्गर बन्न पुगेका छन् । यो कुरा उनले पश्चिमबङ्गालका ज्योति बसुहरूको हविगतलाई स्मरण गर्न जरुरी रहेको छ ।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# के दियो लगानी सम्मेलनले ?

*“अहिले नेपालमा भएका ३ वटै सम्मेलन र विदेशी लगानी भित्राउने कुनै सर्त वा प्रावधानहरू किटान गरिएको छैन । यति मात्र नभएर विकासको खासै र निश्चित अवधारणा पनि तयार पारिएको छैन । यसले गर्दा यहाँ भनिएको विकास र आर्थिक लगानीले देशको आर्थिक, सामाजिक क्षेत्रमा ठूलो विशृङ्खलता ल्याइदिएको छ । लगानी सम्मेलन हुँदै गर्दा यहाँका उद्यमी र देशभित्रका लगानीकर्ताहरूले विरोध गरेका थिए । उनीहरूले भनेका थिए- राज्यले देशभित्रका लगानीकर्ताहरूलाई पूर्ण रुपले बेवास्ता गरी एकोहोरो विदेशी लगानीको रटान मात्र लगायो । यसले गर्दा राष्ट्रिय पुँजीको संरक्षण हुन सकेन*



गुणराज लोहनी

**आमुख**

नेपालमा विदेशी लगानी भित्र्याई देशको विकास गर्ने भन्दै केपी शर्मा ओलीको सरकारले गत मार्च २९ र ३० मा काठमाडौँस्थित नेपालकै सबैभन्दा महँगो सोल्टी होटेलमा लगानी सम्मेलनको आयोजना गरेको थियो । आयोजकका अनुसार ४० वटा राष्ट्रका ६ सयजनाको उपस्थिति रहेको उक्त सम्मेलनमा कृषि, शिक्षा, स्वास्थ्य, ऊर्जा भौतिक संरचना, औद्योगिक भौतिक संरचना, पर्यटन भौतिक संरचना, यातायात भौतिक संरचनाजस्ता ७० वटा विषयमा कार्यपत्रहरूमाथि छलफल भएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले मार्च २९ अर्थात् चैत १५ गते उद्घाटन गरी मार्च ३० अर्थात् चैत १६ गते सरकारी नेकपाका अर्का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले समापन मन्तव्य दिएका थिए ।

**के हो लगानी सम्मेलन**

पुँजीवादी राष्ट्रहरूमा बाहिरी राष्ट्र र वित्तीय सङ्घ/संस्थाहरूलाई विकासका नाममा देशको प्राकृतिक साधनस्रोतको दोहन गर्न, सस्तो श्रम शोषण गरी मुनाफा कमाएर विदेशमा पुँजी पलायन गराउने ती संस्थाहरूबाट शासकहरूले केही चाख्न गरिने सम्मेलनलाई लगानी सम्मेलन गर्ने गरिएको छ । हुनत यस्ता सम्मेलनहरू समाजवादी देशहरूमा पनि नहुने होइनन् । तर त्यहाँ विदेशबाट पुँजी ल्याई देशमा रहेको प्राकृतिक साधनस्रोत र मानवीय श्रमको सही सदुपयोग गरी देश र जनताको आर्थिक वृद्धि गराई देश विकास गर्ने लक्ष्य लिइएको हुन्छ । समाजवादी देशहरूमा आर्थिक लगानीभन्दा पनि प्रविधि र दक्षताको आयात गरिन्छ । सीप र कौशल भित्र्याइन्छ तर पुँजीवादी राष्ट्रहरूमा साना राष्ट्रहरूमा रहेको दक्ष जनशक्तिमाथि न्यून ज्यालामा श्रम खरिद गर्ने, त्यहाँका बहुमूल्य प्राकृतिक साधन, स्रोत, खनिजलाई सस्तो वा बिनामूल्यमा औद्योगिक उत्पादनको साधन स्रोत बनाउने, उपभोग्य वस्तु उत्पादन गरी र त्यही देशमा वा अन्य देशमा निर्यात गरी अकुत पुँजी निर्माण गर्ने उद्देश्यसहित लगानी गरिएको हुन्छ । यो कुराको ठोस प्रमाण नेपालमा तेस्रोपटक भएको लगानी सम्मेलनमा नेपाल सरकारका तर्फबाट लगानीकर्तालाई आश्वस्त पार्नका लागि विदेशी लगानीकर्ताहरूलाई पेस गरिएका मुनाफाका तथ्याङ्कहरूले पुस्टि गर्दछन् । एक सन्दर्भमा नेपाल सरकारका तर्फबाट पेस गरिएको तथ्याङ्कमा भनिएको थियो- एनसेन, युनिलेवर लिमिटेडजस्ता विदेशी लगानीमा सञ्चालित कम्पनीहरूले १ लगानीको हजार प्रतिशतसम्म मुनाफा आफ्नो देशमा लगेका छन् ।

**विदेशी लगानीको नेपालमा प्रभाव**

नेपालमा १९९१ मा निजीकरण र उदारीकणले प्रवेश पाएको थियो । त्यस समयदेखि नेपाल सरकारको मातहतमा रहेका उद्योग-कलकारखानाहरू विदेशी लगानीकर्ताहरूलाई बेच्ने प्रक्रिया सुरु हुनुका साथै बेरोकतोक विदेशी लगानी भित्रिन थालेको हो । हुनत यसअघि पनि विदेशी लगानीहरू नआएका होइनन् । नेपाली काङ्ग्रेसको पालामा अधिकांश नेपाली उद्योगहरू व्यक्तिहरूलाई बेचियो । अहिलेसम्म ३१ वटा उद्योगहरू बेच्नुका साथै ती सबै उद्योगहरू प्रायः बन्द रहेको अवस्थामा छन् । राज्यको यस्तो नीतिले गर्दा नेपालमा सरकारी र नेपालीका उद्योगहरू धराशयी हुन पुगेका छन् । यिनीहरूको स्थान विदेशी लगानीकर्ताले लिएका छन् । यिनीहरूले अकूत नेपाली पुँजी विदेश लैजाने गरेका छन् । माथि भनिएझैँ त्यसको सबैभन्दा राम्रो उदाहरण दूरसञ्चार प्रदायक संस्था एनसेल र भारतीय हिन्दुस्तान लेवर लिमिटेडद्वारा सञ्चालित उपभोग्य सामग्री उत्पादन गर्ने उद्योग युनिलेवर लिमिटेड वा नेपाल लेवर लिमिटेडका नाममा हेटौँडामा सञ्चालित उद्योगहरू रहेका छन् । सरकारी पक्षबाट नै लगानीको हजार प्रतिशतभन्दा बढी लाभ उठाउन सफल कम्पनी भनेर विदेशी लगानीकर्ताहरूलाई भन्दै गर्दा लगानीकर्ताले जिब्रो काढेका थिए ।

एनसेलकै बारेमा त सबै कुरा बाहिर नै छताछुल्ल आएको छ । यसले स्थापनाको १५ वर्षमा दस करोड रूपैयाँ पुँजी लगानी भएको कम्पनी एनसेलको मूल्याङ्कन एक खर्ब ४० अर्ब रूपैयाँभन्दा बढी पुगेको थियो । कम्पनीसँग मुनाफा बाँड्नका लागि सेयर होल्डर्स फन्डमा ५७ अर्ब ८८ करोड रूपैयाँ सञ्चित रहेको महालेखा परीक्षकले सार्वजनिक गरेका थिए । साथै मलेपले १० अर्ब लाभांश घोषणा गरिएको जनाएको थियो । साथै यसैलाई आधार मानेर लगानी सम्मेलनमा नेपालमा लगानी गर्दा अकूत पुँजी मुनाफा हुने भनेको हुन सक्दछ । १५ वर्षको दौरानमा एनसेलले १४ हजार गुना बढी लाभ गरेको थियो । त्यसैले २०५८ असार ७ गते यो कम्पनी दर्ता भएको थियो । यसको ८० प्रतिशत सेयर होल्ड गर्ने सेन्ट किट्स एन्ड नेभिसमा रेनल्ड होल्डिङ स्थापना गरिएको थियो । त्यसपछि मेरो मोबाइलबाट एनसेलमा परिणरत हुँदै गर्दा उक्त कम्पनीले नेपाली पुँजीलाई अकूत रूपमा कुम्ल्याएको थियो ।

यो लगानी सम्मेलनअघि र पछिका गतिविधि र प्रक्रियाहरूलाई हेर्दा अर्को एउटा परिदृश्य देखापरेको छ । आजभन्दा ४ वर्षअघि निर्माणको ठेक्का पारेको अति विवादित र राष्ट्रघाती अरुण–३ जलविद्युत् परियोजनाको जिम्मा लिएको भारतीय कम्पनी एसजेभिएन (सतलज जलविद्युत् निगम लिमिटेड) निर्माण सुरु गरेको ९ सय मेगावाटको उक्त परियोजनाको उद्घाटन आजभन्दा ठीक एक वर्षअघि नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले काठमाडौँबाट संयुक्त रूपमा गरेका थिए । तर उक्त परियोजनाको लगानी यही लगानी सम्मेलन सकिएको भोलिपल्ट मात्र जुटेका समाचारहरू आएका छन् । उक्त परियोजनालाई भारतीय स्टेट बैङ्क अफ इन्डियाले ५ हजार ५६० करोड, नेपालको एभरेस्ट बैङ्कले १२.६१ करोड र नबिल बैङ्कले ४८७.५ करोड लगानी गर्ने सहमतिमा हस्ताक्षर भएको छ ।

परियोजना सञ्चालनमा आएको एक वर्षपछि लगानीको सुनिश्चितता गर्नु, भारतीय कम्पनीले नेपाली बैङ्कहरूसँग लगानी सहयोग लिनु, त्यसका लागि लगानी सम्मेलन नै पारेर हस्ताक्षर गर्नुले धेरै कुराहरूको उजागर गरेको छ । नेपालको पानीमाथिको भारतीय गिद्धेदृष्टिलाई सहज बनाउन नेपाल सरकारले वातावरण बनाइदिएर गुन लगाइदिएको छ ।

**लगानी सम्मेलनको प्रभाव**

लगानी सम्मेलन हुँदै गर्दा ३० खर्बबराबरको नेपालका ७० वटा प्रोजेक्टहरूमा लगानी हुने अपेक्षा नेपाल सरकारले गरेको थियो । तर सम्मेलन समापन हुँदै गर्दा केवल १५ खर्बको लगानी जुटेको कुरा गरिएको छ । यसअघि २०७२ सालमा भएको दोस्रो लगानी सम्मेलनमा १३ खर्बबराबरको लगानीको सुनिश्चितता भएको भनिएको थियो तर अन्त्यमा केवल ३ खर्ब मात्र लगानी भएको कुरा सार्वजनिक भएको थियो जुन सहमति र हस्ताक्षर भएको भनिएको रकमको केवल २३ प्रतिश मात्र हो । ३ वर्षको दौरानमा प्रतिबद्धता गरिएकोको जम्मा २३ प्रतिशत मात्र लगानी हुने हो भने वर्तमान सरकारले जेजे गर्ने भनेको छ, योजना बनाएको छ ती कुनै पनि योजना अगाडि बढ्ने छैनन् । किनभने अहिले लगानी गर्न गरिएको प्रतिबद्धताको ठूलो रकम आउनेवाला छैन । दोस्रो सम्मेलनको अनुपातमा रकम लगानी गरियो भने केवल ३ खर्ब ४५ अर्ब मात्र नेपाल भित्रिन्छ ।

अब आयो त्यो रकमको कति प्रतिशत नेपालको विकासमा लागू हुन्छ, कति उद्योगहरू खुल्नेछन्, कति रोजगारी प्राप्त हुनेछ, राज्यले कर वा राजस्वस्वरूप कति रकम राज्य ढुकुटीमा जम्मा गर्नेछ र त्यो रकम सामाजिक कल्याणका क्षेत्रमा लागू हुनेछ ? यी कुराहरूका बारेमा कुनै सुनिश्चितता छैन । ओली सरकारको १३ महिनाको सरकारले यो बुझाएको विरासतले सकारात्मक आर्थिक सूचकाङ्क र विकासका लक्षणहरू देखाएको छैन । भाषण, बहस र उखानमा निकै विकास भएको छ । तर व्यवहारमा ऋणात्मकताको पारो बढेको बढ्यै छ ।

**सबै क्षेत्रमा विशृङ्खलता**

वैदेशिक लगानीको समाजवादी अवधारणा छुट्टै हुन्छ । समाजवादमा विदेशी सहयोग वा लगानी लगाउनु हुँदैन भन्ने होइन । त्यहाँ पनि हुन्छ । तर त्यसका लागि निश्चित सर्त र अवस्था रहेका हुन्छन् । देशको प्राकृतिक साधनस्रोतको सही उपयोगका लागि राज्यसँग पर्याप्त पुँजी नभएको अवस्थामा निश्चित क्षेत्रहरूका लागि आवश्यक पर्ने पुँजी, प्रविधि र दक्ष जनशक्तिलाई आयात गरिन्छ ।

तर अहिले नेपालमा भएका ३ वटै सम्मेलन र विदेशी लगानी भित्र्याउने कुनै सर्त वा प्रावधानहरू किटान गरिएको छैन । यति मात्र नभएर विकासको खासै र निश्चित अवधारणा पनि तयार पारिएको छैन । यसले गर्दा यहाँ भनिएको विकास र आर्थिक लगानीले देशको आर्थिक, सामाजिक क्षेत्रमा ठूलो विशृङ्खलता ल्याइदिएको छ । लगानी सम्मेलन हुँदै गर्दा यहाँका उद्यमी र देशभित्रका लगानीकर्ताहरूले विरोध गरेका थिए । उनीहरूले भनेका थिए- राज्यले देशभित्रका लगानीकर्ताहरूलाई पूर्ण रूपले बेवास्ता गरी एकोहोरो विदेशी लगानीको रटान मात्र लगायो । यसले गर्दा राष्ट्रिय पुँजीको संरक्षण हुन सकेन । यसले नेपालको पुँजी र दक्ष जनशक्तिको विदेश पलायनको मात्रामा तीव्र वृद्धि भैराखेको आरोप लगाइराखेका छन् ।

सबैले बुझेको कुरा हो- पछिल्लो क्रममा नेपालमा विदेशी लगानीको आकर्षण बढेको छ भनिएको छ । राज्यले पनि लगानीका लागि वातावरण तयार पारिदिएको बताइराखेको छ । त्यसैले ४० राष्ट्रका लगानीकर्ताहरूको जमघट भएको थियो । त्यसमा पनि चीन र भारतका लगानीकर्ताहरूको बढी नै आकर्षण देखापऱ्यो । यसका कारणहरू हुन्- नेपालमा रहेको निःशुल्क वा अति न्यून मूल्यमा पाइने उच्च खालको प्राकृतिक साधन र स्रोतको उपयोग भनुँ वा त्यसको दोहन । अर्को अति सस्तो मूल्यमा उनीहरूलाई चाहिने श्रमशक्ति । अनि नेपालको राज्यप्रणाली र त्यसमा विदेशी लगानीकर्ताहरूले आफ्ना पक्षमा सजिलै बनाउन सक्ने ऐन, कानुन र अर्को बेरोकतोक यहाँ कमाएको रकम कुनै सर्तबिना इच्छाएको देशमा अकूत मुनाफा लैजान सक्नु । यी प्रावधानहरू अरू कुनै देशहरूमा छैनन् । यी कारणहरूले लगानीकर्तालाई फाइदा नै फाइदा हुन्छ । तर नेपालमा भने आर्थिक, सामाजिकलगायत क्षेत्रमा विशृङ्खलता देखा पर्दछ ।

पृष्ठ १ बाट क्रमशः

# सरकारी प्रतिबन्ध र पार्टीको आगामी कार्यभार

प्रजातन्त्रवाद ।' यसरी पुँजीवादी सिद्धान्तकार डाहालले भनेजस्तै सरकारी प्रतिबन्धले आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई जनताको एक मात्र अन्तिम विकल्प दाबी गर्दै आदर्श प्रजातन्त्र र वास्तविक प्रजातन्त्रको बीचमा ठूलो खाडल रहेको र प्रजातन्त्र एक संयोग अर्थात् आकाशको फल रहेको तथ्य स्पष्ट पार्दै 'दुष्ट, भ्रष्टाचारी, निरङ्कुश शासकको सरकार बन्नबाट रोक्ने' मान्यताको उल्लङ्घन गरेको छ । यो सन्दर्भमा प्रदीप गिरीलगायत सच्चा लोकतन्त्रवादी जागरुक हुनुपर्ने हो । अझ त्योभन्दा बढी यो लेनिनले भनेझैँ तुच्छ, अल्पसङ्ख्यक, दलाल पुँजीपति वर्गको प्रजातन्त्र साबित भएको छ र उनको प्रजातन्त्रको रक्षाका लागी अझ बढी बर्बरता, क्रूरता र रगतको समुद्रको आवश्यकता परेको छ जसका लागि सरकारले नेकपामाथि प्रतिबन्ध लगाएर एकतर्फी युद्धको घोषणा गर्न पुगेको छ । यो सन्दर्भमा घनश्यामलगायतले विद्रोह गर्नुपर्ने हो । अहिलेको सन्दर्भमा यो प्रतिबन्ध विप्लव नेतृत्वको नेकपाविरुद्धजस्तो छ तर वास्तवमा यो सम्पूर्ण सचेत नेपाली नागरिकका विरुद्ध परिलक्षित छ । यो प्रतिबन्ध प्रत्येक सच्चा वामपन्थी, कम्युनिस्ट, स्वाभिमानी, देशभक्त, लोकतान्त्रिक शक्तिमाथि लगाइएको अङ्कुश हो । वस्तुतः यो प्रतिबन्ध वर्तमान सामाजिक दलाल फासिवादी सरकार तथा राज्यको असली रूप पनि हो । यो प्रतिबन्ध जनताले क्रान्तिद्वारा इतिहासको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त गरेको उपलब्धिका विरुद्ध छ । त्यसकारण यो प्रतिबन्धले स्पष्टतः प्रतिक्रान्तिको प्रतिनिधित्व गरेको छ । साथै साम्राज्यवादीको निर्देशनमा लगाइएको यो प्रतिबन्ध राष्ट्रिय स्वाधीनताका विरुद्ध पनि छ । न सरकारले दाबी गरेजस्तो यो व्यवस्था नै जनताको एक मात्र अन्तिम विकल्प हो, न त प्रतिबन्धले नै यसको रक्षा हुनसक्छ, बरु यो प्रधानमन्त्रीको शब्दमा ' ब्याक गियर' नभएको प्रतिबन्धले देशलाई अवश्य नै दुर्घटनातिर धकेल्नेछ र यो सरकारी प्रतिक्रान्तिको गतिले नयाँ क्रान्तिको जन्म दिने निश्चित छ । एक दिन नयाँ क्रान्तिको ज्वालामा वर्तमान दलालतन्त्र खरानी हुनेछ ।

अब व्यावहारिक रूपमा नेकपामाथि प्रतिबन्ध किन लाग्यो त ? नेपाल र नेपालीलाई लुटिरहेको एनसेलमाथि नेकपाले कारबाही गरेपछि गल्तीले एकजना नागरिकको ज्यान गयो । यो दुःखद् घटना हो तर सरकार जनताको जीवनरक्षामा गम्भीर रहेको नाटक गर्दै कडाइपूर्वक प्रस्तुत हुने घोषणा गर्न पुगेको छ । साँच्चै सरकार जनताको जीवनप्रति संवेदनशील छ भने विगत ५ वर्षमा सडक दुर्घटनामा मात्र ८२,९०६ मान्छे परे । तीमध्ये १२,५२७ को ज्यान गएको रिपोर्ट आएको छ । आत्महत्याको त्यस्तै कहालीलाग्दो रिपोर्ट छ । विदेशबाट भित्रिने युवाहरूको लासको रिपोर्ट पनि अत्यासलाग्दो छ । त्यस्तै रोग र भोकले कति जनता मरेका छन् ? यसमा सरकार कति संवेदनशील भएको छ ? यसको कारण स्पष्ट

गर्न सक्छ ? यसको जोखिम खत्तम गर्न गम्भीर छ ? भ्रष्टाचारको अखडामा बम पड्किँदा जनता कसरी असुरक्षित भए ? हो, भ्रष्टहरू असुरक्षित भए र हुनु पनि पर्छ । भ्रष्टका विरुद्ध बमआतङ्क त हुनैपर्छ । यहाँ यही भएको हो । किनकि एनसेलमाथि बम विस्फोटको कारबाहीमा मुख्य कुरा त एनसेलको लुटपाटको कुरा थियो । यसमा सरकार र नेता केही बोलेनन् । यहीबीचमा अहिलेका प्रमुख पार्टीका प्रमुख नेताहरूले चुनावमा एनसेलबाट लिएको अर्बौं पैसा फिर्ता गरे कर बुझाउने एनसेलको धारणा भनेर मिडियामा आयो तर यसमा पनि कसैले केही बोलेन । विखण्डनको नारामा आन्दोलन गरिरहेको सीकेसँग सरकारले जुन सम्झौता गर्‍यो त्यसको पनि चौतर्फी विरोध भयो र सरकार पूरै रक्षात्मक बन्यो । यिनै घटनाको पृष्ठभूमिमा केही अत्याधुनिक हतियार फेलापारेको हल्ला गर्दै सरकारले हठात् नेकपामाथि प्रतिबन्ध लगाउन पुग्यो । जहाँसम्म चन्दा र लुटपाटको सवाल छ । नेपाल मात्र हैन, संसारभरिका पार्टीले चन्दा लिन्छन् । त्यसैले देश र जनताको मुक्तिका लागि सङ्घर्षरत नेकपाको चन्दा लिने नैसर्गिक अधिकार हो । देश, जनता र राज्यसमेतलाई लुटिरहेको अहिलेको दलालतन्त्रविरुद्ध सङ्घर्षरत नेकपा कसरी लुटेरा हुनसक्छ ? यो त 'जो चोर उसैको ठूलो स्वर' भनेजस्तै पो भयो । एउटा उदाहरण हेरौँ- भारतको वार्षिक बजेट प्रत्येक एक भारतीयलाई बाँड्दा जति पर्छ नेपालको वार्षिक बजेट प्रत्येक नेपालीलाई बाँड्दा भारतीयभन्दा दोब्बर पर्छ । त्यसरी हेर्दा भारतको भन्दा नेपालमा दोब्बर विकास हुनुपर्ने हो तर हुँदैन किन ? किनकि त्यो सबै भ्रष्टाचार हुन्छ । राज्यले लुटपाट गर्छ । राज्यशक्तिको आडमा कानुन बनाएर वैधानिक रूपमा बन्दुकको बलमा दलालहरूले लुटपाट गर्छन् । वास्तवमा जब विप्लव नेतृत्वको नेकपाले राज्य आफैँले थापेको बारुदी धरापको स्विच आफूसँग रहेको सङ्केत दियो तब सरकारले कुनै ठूलो राष्ट्रिय सङ्कट आइलागेको जस्तो गरी नेकपामाथि प्रतिबन्ध लगायो । त्यसपछि सरकार फासिवादी दमनमा उत्रेको छ । प्रहरी अप्रेसन चलाएको छ । अहिलेसम्म स्थायी सदस्य सुदर्शन, पीबीएम जीवन्त, सीसीएम बन्धु, प्रज्वलनलगायत दर्जनौँलाई गिरफ्तार गरी चर्को यातना दिने र उनीहरूमाथि ज्यान मार्ने उद्योग, सङ्गठित अपराध, हातहतियार तथा राज्यविप्लवको मुद्दाको तयारी गर्दै प्रतिबन्धको औचित्य पुष्टि गर्दैछ । आजभोलि दिनहुँ सरकारले नेकपालाई नियन्त्रण गरिछाड्ने र नेकपालाई कसैले सहयोग नगर्न उर्दी जारी गर्दैछ । प्रधानमन्त्री, मन्त्री र अन्य केही नेताहरू भन्दैछन्- विप्लव नेतृत्वको नेकपालाई नियन्त्रण गरिनेछ । उसबाट हतियार खोसिनेछ । बम-बारुदको जोखिम खत्तम गरिनेछ । बमबारुदसँग वार्ता हुँदैन । नेकपाले बमबारुद र हतियार बुझाउनुपर्छ । आफ्ना लक्ष्य र उद्देश्य त्याग्नुपर्छ । यसरी प्रधानमन्त्रीले नेकपालाई आत्मसमपर्णका लागि चैत मसान्तसम्मको समयसीमा तोकेका छन् । ओहो महाशय ! एकपटक विगततिर त फर्क अनि भविष्य पनि हेर । तिमीले गरेको अपराध र गलत निर्णयको सिकार नेपाल र नेपाली हुनुपर्ने किन ? तिमी आफैँले थापेको बारुदी धराप नेकपालाई नियन्त्रण गरेर कसरी खत्तम गर्नसक्छौ ? विदेशी शक्तिकेन्द्रलाई खुसी पार्न र आफ्नो दलाल चरित्र स्पष्ट पार्दै सच्चा कम्युनिस्टको बदनाम गर्नलाई राष्ट्र र जनताका विरुद्ध फासिवादी युद्ध थोपरेर कसरी सुरक्षित हुन सक्छौ ? विप्लवलाई चे, चारु, रोजा वा गोन्जालो बनाउने सपना नदेख । याद गर पेरूको दलाल शासक फुजीमोरीको अन्त्य कसरी भयो ? संसारका दलाल शासकको अन्त्य कसरी भयो ? नेकपाको एकजना सदस्य मात्र रहे पनि तिमी आफैँले थापेको बारुदी धरापको स्विच उसको हातमा रहनेछ ।

अहिलेको नेपाली दलालतन्त्रले थापेको बारुदी धराप के हो त ? पहिलो धराप हो भ्रष्टाचार । दोस्रो धराप बेरोजगारी । तेस्रो हो शिक्षा-स्वास्थ्यको निजी-व्यापारीकरण । चौथो हो, राष्ट्रघात र शासकको तीव्र दलालीकरण । पाँचौँ धराप हो, अपमानित गर्दै सडकमा बेवारिसे छाडिएका माओवादी । छैटौँ हो, वर्तमान नेतृत्व र सत्ताप्रणालीको सङ्कट र असफलता । सातौँ धराप हो आत्मसमपर्णवाद, सम्झौतावाद, सुधारवाद । आठौँ धराप हो तिमी आफैँले गरेका जनता र राष्ट्रविरुद्धका अपराध र नवौँ धराप हो, राज्यद्वारा गरिने बेलगाम लुटपाट, बलात्कार र राज्यआतङ्क । हो, वर्तमान दलाल पुँजीवादी सत्ताका सामाजिक फासिवादी शासकहरू यिनै बारुदी धरापमाथि छन् र त्यसको स्विच नेकपाको हातमा रहेको छ । जो चाहेर पनि उनीहरू खोस्न सक्दैनन् किनकि सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध स्पष्ट प्रतिक्रान्तिको उद्घोष हो । शासकले गर्न सक्ने नै यही हो तर उनीहरूले कहिल्यै पनि क्रान्तिमाथि प्रतिबन्ध लाउन सक्ने छैनन् । नेताहरूलाई नियन्त्रण गरेर र मान्छे मारेर क्रान्ति मर्नेछैन । एकजना क्रान्तिकारी मात्र पनि बाँचेछ भने दलालतन्त्रको अन्त्य र क्रान्तिको आवश्यकताको वकालत गरिरहनेछ ।

**पार्टीको आगामी कार्यभार**

सरकारले पार्टीमाथि प्रतिबन्ध लगाएर एकातिर पार्टीको विचार र कार्यदिशाको सफलता र यसले हासिल गरेको नयाँ उचाइलाई एकसाथ स्पष्ट गरिदिएको छ भने अर्कोतिर हाम्रो पार्टी नेकपालाई सरकारले हतियार बुझाएर आफ्नो लक्ष्य र उद्देश्य परित्याग गरी आत्मसमर्पण गर्न भनिरहेको छ । तर सबैलाई स्पष्ट नै छ पार्टीले आत्मसमर्पण गर्नेछैन । यत्ति त स्पष्ट हुनुपर्ने हो आजका हाम्रा पार्टीका नेताहरूलाई- आत्मसमर्पण स्वीकार्य हुन्थ्यो भने प्रचण्डसँगै हुन्थे नि । पार्टीले कदापि आजको देश र जनताको शत्रु बनेर आएको दलाल पुँजीवाद स्वीकार्नेछैन । तिम्रो राष्ट्रघाती, जनघाती, भ्रष्ट, असफल सत्ताको अंशियार पनि बन्नेछैन, बरु डटेर त्यसको प्रतिरोध गर्नेछ । अधुरो नेपाली क्रान्ति पूरा गर्न एकीकृत जनक्रान्ति अगाडि बढाउनेछ । एकीकृत जनक्रान्तिको कार्यदिशाअनुरूप एकीकृत जनप्रतिरोध हुनेछ ।

एकीकृत जनप्रतिरोधको राम्रो उदाहरण कपिलवस्तुको शिवगढीमा भएको जनप्रतिरोध हो । त्यो अझै व्यवस्थित रूपमा विस्तार हुनेछ र अहिलेको फासिवादी प्रतिबन्धविरुद्ध व्यापक संयुक्त मोर्चा कायम गर्न पहल गरिनेछ । साथै यसको विकल्पका बारेमा राष्ट्रिय बहस छेडिनेछ । जनजागरण र जनप्रतिरोध अभियान चलाइनेछ । यसका लागि ऋषि कट्टेल, मोहन वैद्य 'किरण' र गोपाल किराँतीका पार्टीलगायत अन्य देशभक्त, लोकतान्त्रिक शक्तिसँग बृहत् संयुक्त मोर्चाको अपिल गरिनेछ । आज राजनीतिक शक्तिमा नभएका कति सचेत नागरिकहरू प्रतिबन्धविरुद्ध उभिएका छन् । यहाँ रेखा थापा, लीलराज खतिवडाको आवाजको पनि मूल्य छ । हरेक नेपालीको मनमा राज्यआतङ्कको त्रास छ । भविष्यमा त्यो झन् स्पष्ट र विस्फोटक हुँदै जानेछ । त्यस्तै भ्रष्टका विरुद्ध बमलाई जनताले अनुमोदन गरिसकेको छ । पार्टीले बमद्वारा कसैलाई मार्नेभन्दा पनि दबाइएको जनताको आवाज सुनाउन चाहेको हो । जहाँसम्म बन्दुक पड्काउने कुरा छ, अहिलेसम्म पार्टीले पड्काएको छैन तर आइलाग्नेमाथि जाइलाग्ने अधिकार भने ऊसँग सुरक्षित रहनेछ । अब बम र बन्दुक जे पड्के पनि जनतामाथि हैन, भ्रष्ट, दलाल शासकका विरुद्ध पड्किनुपर्छ भन्ने जनचाहनालाई पार्टीले विशेष रूपले ध्यान दिनेछ । सरकार हाम्रो पार्टीलाई देशको राजधानी सहर र जनताबाट कटाएर विस्थापित गर्न चाहन्छ तर पार्टी जनतासँग एकीकृत भएर रहनेछ । सहर पनि छाड्ने छैन । एकीकृत जनक्रान्तिको कार्यदिशाअनुसार नेतृत्वले कुनै विदेशी भूमिलाई सेल्टरका रूपमा प्रयोग गर्नेछैन किनकि २००७ सालदेखि नै नेपालको क्रान्तिकारी आन्दोलनको यो एउटा नकारात्मक पक्ष हो । हामी नेपाली जनताको बीचमा बसेर जनताका लागि क्रान्ति गरिरहेका छौँ । गिरफ्तार हुन्छौँ वा सुरक्षित हुन्छौँ, आफ्नै जनताको साथमा हुन्छौँ । हामी विश्वस्त छौँ- पार्टी र जनताले नेतृत्वको रक्षा गर्नेछन् किनकि यहाँ मुख्य कुरा युद्ध हैन, गिरफ्तारी दिने वा सहिद हुने पनि होइन । मुख्य कुरा त देश र जनताको पूर्ण मुक्ति, स्वतन्त्रता र समृद्धिका लागि अधुरो क्रान्ति पूरा गर्नु हो । एकीकृत जनक्रान्ति सफल गरेर वैज्ञानिक समाजवाद स्थापना गर्नु हो । त्यसैले पार्टी कथित सरकारी सङ्कटकालीन फासिवादी प्रतिबन्ध र दमनको प्रतिरोध गर्दै दृढतापूर्वक क्रान्तिमा अगाडि बढनेछ ।

अन्त्यमा, नेकपामाथिको सरकारी प्रतिबन्ध मर्ने बेलाको 'कमिलाको प्वाँख' जस्तै हो । सरकार नेकपासँग वैचारिक लडाइँमा पराजित भएको छ र आमनेपाली जनताको भावनाविपरीत अन्यायपूर्ण युद्धको सहारा लिन पुगेको छ । यही युद्धले यसको विनास गर्नेछ । नेकपाले आत्मसमर्पण हैन, क्रान्ति र प्रतिरोध रोज्नेछ । यसरी प्रतिक्रान्ति र क्रान्तिको टक्कर नयाँ ढङ्गले अगाडि बढ्नेछ र देश त्यसरी नै ध्रुवीकृत हुनेछ । पार्टी निरन्तर क्रान्तिको मूल्य रगत हो र बिनाक्षति उपलब्धि हुँदैन भन्ने मान्यतामा स्पष्ट हुँदै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापनाको महाअभियानमा कुशलतापूर्वक अगाडि बढ्नेछ ।

> *अब बम र बन्दुक जे पड्के पनि जनतामाथि हैन, भ्रष्ट, दलाल शासकका विरुद्ध पड्किनुपर्छ भन्ने जनचाहनालाई पार्टीले विशेष रूपले ध्यान दिनेछ । सरकार हाम्रो पार्टीलाई देशको राजधानी सहर र जनताबाट कटाएर विस्थापित गर्न चाहन्छ तर पार्टी जनतासँग एकीकृत भएर रहनेछ । सहर पनि छाड्ने छैन । एकीकृत जनक्रान्तिको कार्यदिशाअनुसार नेतृत्वले कुनै विदेशी भूमिलाई सेल्टरका रूपमा प्रयोग गर्नेछैन किनकि २००७ सालदेखि नै नेपालको क्रान्तिकारी आन्दोलनको यो एउटा नकारात्मक पक्ष हो । हामी नेपाली जनताको बीचमा बसेर जनताका लागि क्रान्ति गरिरहेका छौँ ।*

# नेकपामाथि लागेको प्रतिबन्धविरुद्ध अधिकारकर्मीहरू

**रातो खबर संवाददाता/झापा**

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले प्रतिबन्ध लगाएपछि झापाका अधिकारकर्मी तथा नागरिक समाजले सरकारलाई खबरदारी गरेका छन् । उनीहरूले वार्ता र संवादमार्फत निकास खोज्न सरकारलाई आग्रहसमेत गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी सरकारले भनेजस्तै आपराधिक समूह नभएको र उसले उठाएका मागहरू राजनीतिक प्रकारका भएकाले राजनीतिक शक्तिका रूपमा व्यवहार गर्न सरकारलाई सुझाव दिएका छन् । नेकपालाई राजनीतिक मूलधारमा आउने वातावरण सरकारले बनाउनुपर्नेमा चैत १७ गते आइतबार बिर्तामोडमा आयोजित छलफलका सहभागीहरूको जोड थियो ।

समस्याको शान्तिपूर्ण समाधान र वार्ताको विकल्प नभएको भन्दै उनीहरूले त्यसका लागि सरकार र विद्रोही नेकपा उत्तिकै जिम्मेवार हुनुपर्नेमा जोड दिए । विद्रोही नेकपालाई शान्तिपूर्ण गतिविधि गर्न सुझाव दिँदै अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूले उक्त राजनीतिक शक्तिमाथि सरकारले प्रतिबन्ध लगाउनु गलत भएको टिप्पणी गरे । नेकपाका कार्यकर्तालाई अनावश्यक धरपकड गर्ने र झूट्टा मुद्दा लगाउने काम राज्यले बन्द गर्नुपर्ने भन्दै उनीहरूले सरकारलाई जिम्मेवार बन्न सुझाव दिए ।

विद्रोही नेकपाले अगाडि सारेका मागहरू राजनीतिक भएकाले यसलाई राजनीतिक रूपमै समाधान गर्नुपर्नेमा जोड दिँदै उनीहरूले सरकारलाई गम्भीर बन्न आग्रह गरे । विद्रोही नेकपाका गतिविधि, उत्पन्न परिस्थिति र शान्तिपूर्ण निकासका विकल्पहरू विषयमा संवाद समूह झापाको संयोजनमा भएको छलफलमा सहभागीहरूले संवादहीनता र दमन त्यागी वार्ता र शान्तिपूर्ण बाटोमार्फत समस्या समाधान गर्नुको विकल्प नभएको बताए । राज्यले जिम्मेवार ढङ्गले वार्ता र समस्या समाधानको पहल गर्नुपर्नेमा उनीहरूको जोड थियो । विद्रोही नेकपालाई शान्तिपूर्ण बाटोमा आउनसमेत उनीहरूले आग्रह गरे ।

छलफलमा राष्ट्रिय मानवअधिकार प्रतिष्ठानका केन्द्रीय सदस्य डा. रूपक खनाल, मानवअधिकार सञ्जालका नेता विष्णुप्रसाद खरेल, वाम बुद्धिजीवी लोकबन्धु कन्दङ्वा, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदनगोपाल सुब्बा, नेपाल बार एसोसिएन झापाका उपाध्यक्ष नारायणप्रसाद पौडेल, नेपाल रेडक्रस सोसाइटी बिर्तामोडका सभापति सजेश शिवाकोटी, स्वतन्त्र राजनीतिकर्मी सुरेन्द्र कार्की, महिला सुरक्षा दबाब समूह झापाकी अध्यक्ष शारदा रिजाल, वीरता जेसिजका अध्यक्ष विशाल थापा र वीरता लेडी जेसिजकी अध्यक्ष सरु भुर्तेलले वार्ताबाटै शान्तिपूर्ण मार्ग अवलम्बन गरी राजनीतिक मूलधारमा आउन विद्रोही नेकपालाई आग्रह गरेका छन् ।

उनीहरूले मुलुकभित्रै छुट्टै स्वतन्त्र राज्यको माग गर्ने सीके राउत समूहलाई राजनीतिक मूलधारमा ल्याउने सरकारले विद्रोही नेकपालाई प्रतिबन्ध लगाउनु भनेको विद्रोहलाई नै मलजल हुने बताउँदै वार्ताको वातावरण बनाउन आग्रह गरेका हुन् । उनीहरूले सरकारलाई संवेदनशील, पारदर्शी र जनमैत्री हुनसमेत सुझाव दिएका छन् । सरकार विद्रोह र हिंसाको कारण नभई समस्याको शान्तिपूर्ण समाधान गर्ने जिम्मेवार पक्ष हुनुपर्नेमा उनीहरूको जोड थियो ।

# धरपकड बन्द गर्न माग

**रातो खबर संवाददाता/चितवन**

नेपाल कम्युनिस्ट पार्टी चितवनले सङ्कलकाटलको झल्को दिने गरी जिल्लामा गरिएको दमन तथा धरपकड बन्द गर्न प्रशासनलाई आग्रह गरेको छ । प्रशासनले बिनाकारण आस्थाकै आधारमा आफ्नो पार्टीका राजकुमार तिमिल्सिना, जयबहादुर कुँवर, वीरबहादुर तामाङ, गुणराज श्रेष्ठ, यातायात व्यवसायी मित्र केसी, विद्यार्थी नेता विक्रम न्यौपाने र रणदीपलाई गिरफ्तार गरेको भन्दै नेकपा चितवनले बिनासर्त रिहाइको माग गरेको छ । नेकपा चितवनका जिल्ला इन्चार्ज ध्रुव र सेक्रेटरी शार्दूलले विज्ञप्ति जारी गर्दै सरकारी दमनले नेकपाको आन्दोलनलाई कुनै असर नपार्ने जनाएका छन् । विज्ञप्तिमा विगतको पञ्चायती व्यवस्था र जनयुद्धमा राज्यले लगाएको सङ्कटकालझैँ नेकपाका नेता तथा कार्यकर्तामाथि दमन, धरकपड र खानतलासी तीव्र बनाएकोप्रति कडा विरोध गरिएको छ ।

गताङ्कको बाँकी

# प्रगतिशील कार्यान्वयनको आतङ्कमा सीमित प्रचलित ट्रेड युनियन एक स्वशासित सङ्गठित संस्था र प्रतिरोध



सरोज न्यौपाने

प्रभावी ऐन ०४९ को परिच्छेद ३ एवम् दफा ८ ले गरेको ट्रेड युनियनको सञ्चालन, व्यवस्था र मान्यता र (१) को व्याख्यालाई आत्मसात गर्ने ट्रेड युनियन महासङ्घलाई अविच्छिन्न उत्तराधिकारिवाला श्वसासित र सङ्गठित संस्थाका रूपमा बुझ्नुपर्ने हुन्छ। हरेक सङ्घ तथा सङ्घसंस्थाहरू भन्दा ट्रेड युनियन फरक र स्वशासित सङ्गठित संस्था हुन् भन्ने यसबाट प्रस्टिन्छ। तर एक अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित सङ्गठित संस्थाले आफ्नो उद्देश्यअनुरूप समाजमा श्रमिक वर्गको सम्पूर्ण मुक्तिका निम्ति क्रियाशील राजनीतिक आस्थासँग हेलमेल राख्न सक्ने कि नसक्ने भन्ने प्रश्नले स्थान लिन्छ। स्थापित सम्पूर्ण ट्रेड युनियनहरू यथास्थितिवादी राजनीतिक पार्टीसँग सहजै अन्तर्घुलित रहेका पाइन्छन्। सबैका आआफ्ना प्रस्तावनाहरू यथावतै छन्। श्रामिक, राष्ट्रिय पुँजिपति, श्रमिक निकट मध्यम वर्ग र अन्य मेहेनतकस तह आबद्ध राजनीतिक सञ्जालसँगको आवश्यकीय सम्बन्ध स्थापनालाई ट्रेड युनियनले स्वीकार्य ठहर गर्दै अघि बढ्न सक्ने कि नसक्ने, प्रसङ्गले संवेदनशिल बनाउने गर्छ। नेपालको सन्दर्भमा मात्र नभई परिस्थित त्यहाँसम्म हो- मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी हुनुपूर्व अमेरिका, बेलायतलगायत नजिकैको छिमेकी राष्ट्र भारतमा पनि सुरुआतमा ट्रेड युनियन मामला यसरी नै प्रश्नका बीच अघि बढेको अनुमान लगाउन सकिन्छ। सारमा सम्पूर्ण शोषण, दमन तथा उत्पीडनको हल मुलुकको राजनीतिक उथलपुथलले जिम्मा लिन्छ। यसको सम्पूर्ण गतिमा हकहित तथा अधिकारका पक्षहरू समयसँगै यत्रतत्र हुने गर्छन् र फेरि पनि ट्रेड युनियन एक्लैको समाज व्यवस्थापनसँग त्यति ठूलो भूमिका रहन त सकेन। हाम्रो समाजका सन्दर्भमा ट्रेड युनियनको सम्पूर्ण कार्यभारलाई त्यस्तो उचाइसम्म संकेन्द्रित गर्न सक्ने कि नसक्ने भन्ने सवालले बेलाबखत समय लिन आवश्यक देखिन्छ। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनले आफ्नो स्वतन्त्रताको भरपूर उपयोग गर्दै यतिबेला यथास्थितिको चेतनाबाट मुक्त भई अग्रगामी चेतनामा अघि बढ्न जुर्मुराइरहेको नेपाली रोजगार तहलाई नेतृत्व प्रदान गर्न चुनौती केकस्ता रहेका छन् त छलफल त्यसरी केन्द्रित हुन जरुरी छ। यसका साथै राज्यले आफ्नो अस्तित्वमाथि एकीकृत रूपले घेराबद्ध गरेको अवरोधजन्य गैरलोकतान्त्रिक हस्तक्षेपलाई डटेर प्रतिरोध गर्न सक्नुपर्ने हुन्छ।

**प्रचलित ऐन ०४९ को प्रस्तावना**

संविधानले सम्बन्धित ऐन प्रगतिशील कार्यान्वयनमा जोड दिने जनाउ दिएसँगै यतिबेला छुट्टै ऐन (ट्रेड युनियन ऐन २०४९ र नियमावली) मा केन्द्रित बन्नुपर्ने हुन्छ। ऐनको उद्देश्य न्यूनतम् रूपमा सम्बन्धित क्षेत्रमा कार्यरत कामदार तथा मजदुरहरू र स्वरोजगारमा रहेका व्यक्तिहरूको कार्यक्षमता र व्यावसायिक उत्पादकत्वमा भरपूर विकास गर्ने र अधिकतम रूपले प्रत्येकलाई आदर्श नैतिक व्यक्तित्वको स्तरमा स्थानान्तरण गर्ने उद्देश्य लिएको छ। समयानुकूल यसमाथि क्रान्तिकारी रूपान्तरण आवश्यक मानिन्छ। प्रस्तावनामा उल्लेख भएअनुसार औपचारिक र अनौपचारिक सम्पूर्ण व्यवसाय, उद्योग र अन्य सम्बन्धित क्षेत्रलाई समेट्ने मानसिकतालाई बुझ्न भने सकिन्छ। तर श्रमिक, स्वरोजगार र सम्बन्धित व्यवसाय सबैलाइ समेट्ने व्यवस्थाले नैतिक रूपमा असल र प्रतिबद्ध नागरिकहरूले कस्तो समाजव्यवस्था स्थापनाको लक्ष्य आत्मसात गर्नुपर्ने हो त्यो स्पष्ट भन्न सकिन्न। प्रस्तावनामा उल्लेख छ- प्रतिष्ठान र प्रतिष्ठानबाहिर विभिन्न उद्योग, व्यापार, व्यवसाय वा सेवामा काम गर्ने कामदार तथा स्वरोजगार गर्ने व्यक्तिहरूको व्यावसायिक तथा पेसागत हितलाई संरक्षण र संवर्द्धन गर्नका लागि ट्रेड युनियनको दर्ता, सञ्चालन र तत्सम्बन्धी अन्य आवश्यक व्यवस्था गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले ..., सर्तानुसार दर्ता सञ्चालन र व्यवस्थापनको पाटोलाई व्यावहारिक तहको विशिष्ट कार्य भनेर बुझ्न सकिन्छ भने मूलभूत रूपमा यसमा भएको नीति तथा उद्देश्यगत प्रवाहको पहिलो पक्ष भने महत्वपूर्ण विशेषताको हुने गर्छ र सम्बन्धित सरोकारवालाहरूबाट चर्चा हुन आवश्यक देखिन्छ। यसरी गोलमटोल रूपले मजदुर, स्वरोजगार, व्यवसाय र व्यवसायी सबैको चासो राख्ने कानुनी नियमले सबैको हितमा हुने र श्रमिकसँग सम्बन्धित सम्पूर्ण अधिकारहरूप्रति जिम्मेबार समाज वैज्ञानिक समाजवादप्रति परिलक्षित गर्न नखोजेकोप्रति गम्भीर बनाउँछ।

**स्वीकार्यता, सलचकता कि ट्रेड युनियन सीम( ाबद्धता**

पछिल्लो समयसम्म वस्तुस्थितिमा परिघटनाहरू नियाल्दा अध्ययनमा के देखिन्छ भने श्रमिक श्रमजीवी तथा कामदार मजदुर र स्वरोजगारहरूका निम्ति प्रस्तावित ऐनहरू निजहरूविरुद्ध कठोर र सीमाबद्धताका साथ प्रस्तुत भएको र सर्वस्वीकार्य बन्न नसकेको पाइन्छ। उदाहरणका निम्ति सङ्गठित गर्ने विधि तथा प्रक्रिया, दर्तालगायत नियमक नीति नियम र ट्रेड युनियनहरूका निम्ति लगाइने अन्य नियमहरू अपेक्षाकृत लचक, सहजतामा स्थापित, स्वीकार्य भावनामा अडिग देख्न नसक्दाको बखत, सरोकारवाला, विश्लेषक तथा विज्ञ तहमाझ सहजै उठ्ने गरेको बहस क्रमशः ट्रेड युनियन ऐनको सर्वस्वीकार्यता, सीमाविहीनता र उत्पीडित पक्षधरताका सम्बन्धमा केन्द्रित बन्न आवश्यक छ। श्रमिक तथा मजदुरहरूको र ट्रेड युनियनमाथिको उत्पीडनका सम्पूर्ण तथ्यहरूलाई सार्वजनिक गर्ने, सुमधुर श्रम सम्बन्ध स्थापनाका पक्षमा आवश्यक कार्य गर्ने र यस सम्बन्धमा सशक्त सङ्घर्षमार्फत सम्बन्धित पक्षलाई सचेत गर्नेगराउने कार्यलाई ट्रेड युनियन व्यवस्थाले तदारुकतासाथ लिए-नलिएकोमा निर्क्योल गर्न अत्यन्त आवश्यक देखिन्छ। तर सरकार, नियामक निकाय र सरोकारवाला दबाब समूहसमेतको भूमिकामा कमी आउँदा रक्तरञ्जित इतिहासको वेगवान् गतिमा स्थापित सिङ्गो ट्रेड युनियन व्यवस्था केवल एक थान कानुन, एउटा नियन्त्रक दस्ताबेज र एउटा सीमाबद्ध दायराका रूपमा मात्र परिचित भएको विषय विडम्बनापूर्ण लाग्ने गर्दछ। तसर्थ प्रगतिशील कार्यान्वयनको संविधान निर्देशित प्रावधानले कम्तीमा पनि समाजको बदलिँदो चरित्रलाई समेट्न र लचकताका साथ सबैलाई समाहित गर्न जरुरी हुन्छ। आजको परिस्थितिमा हाम्रो दृष्टिकोण त यस्तो बनिसकेको देखिन्छ श्रमिक वर्गले स्थापित ट्रेड युनियन व्यवस्थाबाट नभई राज्यको अग्रगामी चेतानाविरोधी विरासतभित्र आफ्नो हकहितको प्रत्याभूति प्राप्त गर्न सक्छन् र कानुनबमोजिम प्रगतिशील कार्यान्वयनको वैधानिक आश्वासनमै लगभग सीमित बन्न पुग्छन्। यसको अर्को पाटोमा व्यावसायिक क्षेत्रले समस्त पेसाकर्मीहरूसहित आफ्नो अनुकूल सम्पूर्ण हित संरक्षण र संवर्द्धन भएको अनुभूति प्राप्त गर्दछन्। एक सचेत र क्रान्तिकारी ट्रेड युनियनले यसैबीच उल्लिखित मतभन्दा इतर विचार पेस गरेको देखिन्छ जसअनुसार स्वाधीनता, शान्ति, समानता, न्याय र समृद्धिको सामाजिक आदर्शको समाज व्यवस्था वैज्ञानिक समाजवाद यथास्थितिमा कानुनको प्रगतिशील कार्यान्वयनको विकल्प बन्न सक्छ। आतङ्कवादी यथास्थितिको विरासत भुलभुलैया साबित भइसकेको छ। श्रमिक, स्वरोजगार र सम्बन्धित व्यावसायिक क्षेत्रको वस्तुगत अवस्थाले पुष्टि गरेको देखिन्छ।

**सरकारको विशेषाधिकार गैरलोकतान्त्रिक**

सरकारको मनसायमा भरपर्ने परिस्थिति हुँदाहुँदै ट्रेड युनियन गतिविधि, कार्यक्रम र कार्योपयोगी योजनाहरूले गति लिन नसक्ने र सम्बन्धित लक्षित तह समस्याग्रस्त यथावत् रहनुपर्ने यथार्थ हो। सरकारले दिनसक्ने परिस्थितिगत निर्देशन तथा आदेशजन्य उसका विशेषाधिकारबाट सिङ्गो ट्रेड युनियन र गतिविधि नियन्त्रित र खारेजसम्म हुनसक्ने उल्लिखित प्रावधानहरू न्यायसम्मत लाग्न सक्दैनन्। यसको मुख्य निशाना ट्रेड युनियनका लोकतान्त्रिक, क्रान्तिकारी तथा गतिशीलतामाथि हुने कुरा इतिहाससिद्ध उदाहरणबाट जानकारी हुन्छ। आजको सन्दर्भमा त लोकतान्त्रिक गणतन्त्र मुलुकको जनउत्तरदायी भावनाविपरीत यस्ता कार्यहरू भैरहेको प्रस्ट देखिन्छ। उदाहरणका लागि ट्रेड युनियन कानुन निर्देशित कार्यक्रमहरूलाई सशक्त बनाउँदै लैजाँदा सङ्घर्ष अपनाउन आवश्यक हुन्छ। सङ्घर्ष आफैँमा निर्णायक तहको पनि हुन सक्छ र परिस्थितिले नौलो मोड नलेला भन्न पनि सकिन्न त रपनि बिनाकुनै न्यायिक आदेश सरकारको विशेषाधिकार प्रयोग गरिँदा सरकारमा सर्ने त्यसपछिको दायित्व मजदुरहरूप्रति कत्ति अपेक्षित हुनसक्ने भन्नेमा आशङ्का देखिन्छ। यसका साथै सरकारले सम्बन्धित योजना तथा कार्यक्रम परि पूर्ति गरी अघि बढाउन आवश्यक नियम बनाउन सक्ने अर्को विशेष प्रावधान ऐनले अघि सारे पनि आशा गरेअनुरूप भएगरेको भने देखिन्न। पछिल्लो प्रसङ्गमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले श्रमिकको मुद्दा उठान गर्दै रहँदा लक्ष्यमा वैज्ञानिक समाजवाद स्थापना गर्नेसम्म उल्लेख गरेको छ। एक स्वाधीनता, शान्ति, समृद्धि, न्याय, समानतामा आधारित उन्नत सामाजिक आदर्शप्रति श्रमिकहरूलाई उत्प्रेरित गर्ने कार्य जारी छ। प्रायोगिक ट्रेड युनियन ऐनको प्रस्तावनाले आत्मसात गरेअनुरूप नै, सम्पूर्ण श्रमिक तथा श्रमिकप्रति सम्बन्धित पक्षहरूसँग यसखालको नेपाली मौलिकताको सपना पनि साटासाट गर्दै गरेको देखिन्छ। तर सरकारको आपत्तिजनक जनाउका साथ हस्तक्षेप भैरहेको सहजै देखिन्छ। यो परिघटनालाई न लोकतान्त्रिक मान्न सकिन्छ न त न्यायिक। यद्यपि समाजले क्रान्तिकारी अग्रगामी चेतनाको आत्मसात गर्न चाहेको देखिन्छ।

**स्वशासित ट्रेड युनियनको स्थायित्वको निमित्त वैज्ञानिक समाजवाद**

राज्यको नीतिगत तहबाट ऐन तथा कानुनहरूको प्रभावकारी एवम् प्रगतिशील कार्यान्वयनको प्रतिबद्धता सहजै प्रत्याभूत भएको पाइन्छ। अनपेक्षित रूपमा फेरि पनि उत्पीडिनका विभिन्न तथ्यहरू यथावत् रहने गर्दछन्। प्रमुख कारण प्रभावशाली कानुनी प्रावधानहरूसमेत संसदीय राजनीतिक प्रणालीमा परिबन्धित बन्न पुगेका हुन्छन्। नेपालको सन्दर्भमा दलाल पुँजीवाद यसको प्राण बचाउमा प्रयत्नशील देखिन्छ। श्रमिक र ट्रेड युनियनहरूप्रतिको दृष्टिकोण पुँजीवादी संसदीय सत्ताको मातहतमा मात्र निर्माण हुन्छ। समयानुकूल ऐनमाथि केही सामान्य फेरबदल त हुने गरेको देखिन्छ तर पनि उत्पीडनका अनेक तथ्यहरूमाथि ऐनको प्रभावकारी कार्यान्वयनको पक्षले समस्या हल नगरेको पाइन्छ। श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति र व्यवसायिक क्षेत्रको हित संरक्षण, संवर्द्धन र विकासको सुन्दर प्रस्तावनामा सीमित यथावत् रहने गर्छन। ऐनको प्रगतिशील कार्यान्वयनको आतङ्कमा सीमित बन्न पुगेको ट्रेड युनियन विरासतमा ट्रेड युनियन केवल आतङ्कपूर्ण गोलचक्कर लिन बाध्य देखिन्छ। तसर्थ वैज्ञानिक समाजवाद स्थापनाको प्रस्तावनालाई आत्मसात गर्ने ट्रेड युनियन विरासत निर्माण यथास्थितिलाई क्रान्तिकारी रूपान्तरण गर्न मात्र नभई ट्रेड युनियनको स्वशासित सङ्गठित स्थायित्वको निमित्त पनि अपरिहार्य बनिसकेको देखिन्छ। श्रमिक, राष्ट्रिय पुँजीपति वर्गका साथै उत्पीडित प्रत्येक देशभक्त, प्रगतिशील र क्रान्तिकारी जनताको तहलाई अपेक्षाअनुरूप मुक्तिको प्रत्याभूति प्रदान गराउन तत्पर आजको नेपाली विशेषताको एउटा उन्नत समाज वैज्ञानिक समाजवाद स्थापनाका निम्ति सचेत सरोकारवाला नेपाली नागरिकहरूबाट विद्यमान दलाल पुँजीवादी संसदीय सत्ताको विकल्प रोज्नुपर्ने ऐतिहासिक परिघटनासँग साक्षात्कार गराइदिएको छ। सामाजिक दलाल पुँजीवादी राजनीतिक प्रभाव मुलुक र जनतामा वितृष्णा पैदा गर्दै फासिवादसम्म पुगिसकेको छ।

# रातो घर भएको ठाउँमा कुनै संरचना नबनाउन नेकपाको चेतावनी

■ **रातो खबर संवाददाता**/बुटवल

नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीले आफ्नो पार्टी कार्यालय 'रातो घर' भत्काइएकोप्रति गम्भीर खेद प्रकट गर्दै उक्त स्थानमा कुनै नयाँ संरचना नबनाउन चेतावनी दिएको छ। शुक्रबार प्रेसविज्ञप्ति जारी गर्दै नेकपाले 'रातो घर' भएको स्थानमा कुनै नयाँ संरचना बनाए भौतिक रूपमै प्रतिरोध गर्ने चेतावनी दिएको हो। पार्टी जिल्ला इन्चार्ज शरद ओली र जिल्ला सेक्रेटेरी अमर आरसीद्वारा हस्ताक्षरित विज्ञप्तिमा कार्यालय भत्काएर सरकारले पार्टीलाई जबर्जस्ती उद्वेलित बनाएको र आफ्नै खुट्टामा बन्चरो हानेकाले यसले गम्भीर परिणाम निकाल्ने उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टीको झन्डा, ब्यानर, साइन बोर्डसहित नाराहरू मेटाएर पार्टीका फर्निचर तथा कार्यालय प्रयोजनार्थ राखिएका सामग्रीहरूसमेत कब्जा गरी अपमानित ढङ्गले बिनासूचना पार्टी कार्यालयमा डोजर लगाई गरिएको तोडफोडले हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। यसखाले हस्तक्षेपले हामीलाई थप गम्भीर बनाएको छ। सरकारको यो कदमले हाम्रो पार्टीलाई जबर्जस्ती उद्वेलित गराउन खोजेको देखिन्छ।'

फासिवादी र राजनीतिक स्वतन्त्रताविरोधी हर्कतविरुद्ध सम्पूर्ण मानवअधिकारवादी, नागरिक समाज, पत्रकार, न्यायप्रेमी जनसमुदायलाई प्रतिरोध गर्न अपिल गर्दै विज्ञप्तिमा पार्टी कार्यालय 'रातो घर' रहेको स्थानमा पार्टीसँग छलफल नगरी बिनाविकल्प कुनै नयाँ संरचना नबनाउन र बनाएमा पार्टीले भौतिक रूपमै प्रतिरोध गर्ने चेतावनीसमेत दिएको छ।

बुटवलको पाल्पारोडस्थित नेपाल कम्युनिस्ट पार्टीको रूपन्देही जिल्ला पार्टी कार्यालय रहेको 'रातो घर' प्रहरी र राष्ट्रिय वाणिज्य बैङ्कका कर्मचारीहरूले डोजर लगाएर भत्काएका थिए। नेकपाले विगत १३ वर्षदेखि 'रातो घर' पार्टी कार्यालयका रूपमा प्रयोग गर्दै आएको थियो। तत्कालीन नेकपा (माओवादी) कै बेलादेखि उक्त भवन पार्टी कार्यालयका रूपमा प्रयोग गरिएको थियो।

# मिडियामा आएका समाचार सत्य होइनन् : नेकपा

■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो नाम जोडेर केही दिनअघिदेखि नेपालका कर्पोरेट हाउसहरूद्वारा सञ्चालित सञ्चार मिडियाहरूमा प्रकाशित र प्रसारित समाचारमा सत्यता नभएको बताएको छ। नेकपाले आफूसँग सम्बन्धित समाचारमा पार्टी, क्रान्तिकारी आन्दोलन र नेताहरूका बारेमा असत्य, अस्वाभाविक र भ्रामक समाचारहरू योजनाबद्ध तरिकाले सम्प्रेषित भैराखेको भन्दै आपत्ति जनाएको छ। उक्त पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले बिहीबार प्रेसविज्ञप्ति प्रकाशित गर्दै भनेका छन्, 'केही दिनअघिदेखि नेपालका कर्पोरेट हाउसहरूद्वारा सञ्चालित सञ्चार मिडियाहरूबाट हाम्रो पार्टी, क्रान्तिकारी आन्दोलन र नेताहरूका बारेमा असत्य, अस्वाभाविक र भ्रामक समाचारहरू योजनाबद्ध तरिकाले सम्प्रेषित भैराखेका छन्। शृङ्खलाबद्ध र योजनाबद्ध रूपमा सम्प्रेषित यस्ता भ्रामक समाचारहरूप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालमा भएका सबै परिवर्तनकामी आन्दोलनहरूको बैठान गलत तरिकाले हुन गई देश र जनताले अहिलेसम्म धोका पाइरहेको परिप्रेक्ष्यमा हाम्रो पार्टीले यी सबैखाले धोकाधडी, षड्यन्त्रहरूलाई चिर्दै जनतामा झाँगिएको अविश्वासलाई विश्वासमा, निराशालाई आशामा बदल्दै क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई नै पुनर्गठित गर्दै अघि बढिरहेको पार्टी जसले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई सशक्त रूपमा उठाइरहेको छ, उक्त पार्टीका विरुद्ध हुँदै नभएका कपोलकल्पित समाचार सम्प्रेषण गर्नु वास्तवमा पत्रकारिता हुँदैन। म्यानुफ्याक्चरिङ कन्सेन्टको नीतिका आधारमा लगानी र विज्ञापन बढाउन कसैको निर्देशन र दबाबमा यस्ता समाचार उत्पादन गर्नु ठीक होइन। विगतमा जनताद्वारा सञ्चालित परिवर्तनकामी आन्दोलनहरूमा सञ्चारमाध्यमहरूको महत्वपूर्ण भूमिका रहेको छ। अब पनि हामी सञ्चारमाध्यमहरूको विगतको जस्तै भूमिकाको अपेक्षा राख्दछौँ। तर भ्रामक र असत्य समाचारहरू जनता र राष्ट्रका लागि घातक हुन जान्छन्। तसर्थ हाम्रो पार्टीका बारेमा बिनातथ्य, अनावश्यक, असत्य र भ्रामक समाचार सिर्जना गरी सम्प्रेषण नगर्न सम्बन्धित सबैमा अपिल गर्दछ।'

# शिक्षक सङ्गठनका रूपन्देही अध्यक्ष गिरफ्तार

**बुटवल** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल शिक्षक सङ्गठनका रूपन्देही अध्यक्ष रामजी आचार्य चैत १३ गते गिरफ्तार भएका छन्। आचार्य सूर्यपुरा माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक हुन्। उनलाई प्रहरीले कञ्चन गाउँपालिकास्थित निवासबाटै पक्राउ गरेको हो। सङ्गठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठकले आचार्यलाई प्रहरीले पक्राउ गरेको पुष्टि गरेका छन्। यसैबीच सङ्गठनका अध्यक्ष पाठकले सामाजिक सञ्जालमार्फत विज्ञप्ति सार्वजनिक गर्दै पक्राउ गरिएका आचार्यलाई बिनासर्त रिहा गर्न माग गरेका छन्। उनले राजनीतिक आस्थाकै आधारमा शिक्षकलाई पक्राउ गर्न नपाइने भन्दै बिनासर्त रिहाइको माग गरेका हुन्।

# नेकपाका रामेछाप इन्चार्ज गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका रामेछाप इन्चार्ज यादव ढुङ्गेल 'जमिन' लाई प्रहरीले गिरफ्तार गरेको छ। काभ्रे चौँरी देउराली घर भएका ढुङ्गेललाई महानगरीय प्रहरी परिसर भक्तपुरको टोलीले सूर्यविनायकबाट गिरफ्तार गरेको हो। नेकपा रामेछापले आफ्नो पार्टीका नेता जमिनलाई बिनाकारण अपहरणशैलीमा गिरफ्तार गरेको भन्दै विरोध गरेको छ। साथै नेकपाले ढुङ्गेलको बिनासर्त रिहाइको माग पनि गरेको छ।

# कपिलवस्तुमा प्रहरी सर्च अप्रेसन

**कपिलवस्तु** : नेकपाका नेता-कार्यकर्ता रहेको आशङ्कामा प्रहरीले कपिलवस्तुमा व्यापक सर्च अप्रेसन चलाएको छ। जिल्लाको शिवगढी नगरपालिकामा प्रहरीले पटकपटक सर्च अप्रेसन चलाएको हो। नेकपाका महासचिव विप्लवको घर रहेको उक्त इलाकामा प्रहरी गाउँमा पसेर जनतालाई आतङ्कित पार्ने काम गरिरहेको स्थानीयले जनाएका छन्। त्यस क्षेत्रका प्रायः सबै जनता नेकपाप्रति आस्था राख्ने भएको कारण नेकपाका नेता-कार्यकर्ता खोज्न प्रहरीले उक्त क्षेत्रलाई निशाना बनाएको हुनसक्ने स्थानीयको भनाइ छ। प्रहरीले यसभन्दा पहिले पनि सर्च अप्रेसन चलाएको थियो। उक्त अप्रेसन गर्न गएका प्रहरीलाई स्थानीय विद्यार्थी, महिला, बालबालिका, वृद्धवृद्धा सबैले प्रतिकार गरेर प्रहरीलाई लखेटेका थिए। उक्त अप्रेसनका क्रममा नेकपाका एक समर्थकलाई प्रहरीले घरबाट गिरफ्तार गरी गोली हानेको थियो।

# क्रान्तिकारीमा आबद्ध भएकै कारण विद्यार्थी कक्षाकोठाबाट गिरफ्तार

नेकपाको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसका नेता मदन चापागाईं पक्राउ परेका छन्। नेकपा निकट अखिल क्रान्तिकारीका कीर्तिपुर क्याम्पस अध्यक्ष मदन चापागाईंलाई क्याम्पसबाटै पक्राउ गरिएको जानकारी स्रोतले दिएको छ। कीर्तिपुर क्याम्पसको म्यानेजमेन्ट दोस्रो सत्रमा अध्ययनरत उनलाई कक्षाकोठाबाटै पक्राउ गरिएको हो। फलेबास नगरपालिका १० पर्वत घर भएका चापागाईं २०७५ साउन २ गतेदेखि अखिल (क्रान्तिकारी) कीर्तिपुर क्याम्पसको अध्यक्ष पद समाली विद्यार्थी राजनीतिमा संलग्न थिए।

गताङ्कबाट क्रमशः

# तेस्रो विश्वयुद्धको नयाँ रूप : युद्धको निरन्तरतामा भेनेजुएलामाथि अमेरिकी फौजी आक्रमणको सम्भावना



धर्मेन्द्र बास्तोला

**साम्राज्यवादी उत्पीडनका विरुद्ध मोर्चाबन्दी**

अमेरिकाले विश्वका सबै देशहरूमाथि कुनै न कुनै प्रकारको डन्डा चलाउँदै उनहरूमाथि हेप्ने, धम्क्याउने र कठपुतली बनाउने गर्दै आएको छ। ती देशहरूको सामान्यतया राजनीतिक र वैचारिक मनोविज्ञान साम्राज्यवादविरुद्धको प्रतिरोध हुने गरेको देखिन्छ। उनीहरूमाथि आर्थिक नाकाबन्दी थोपर्ने, हतियार खरिद गर्न बाध्य पार्ने, चर्को ब्याजमा ऋण लिन बाध्य पार्ने, आणविक कार्यक्रमहरूमाथि नाकाबन्दी लगाउने, प्रविधि विकासमा रोक लागउने र तेस्रो विश्वका शासकहरूमाथि समेत हस्तक्षेप गर्ने काम गर्दै आएको छ। यसको सिकार भारत पनि बनेको छ। भारत र कतार यी सबै देशहरूमा मूलतः एकआपसको सम्बन्ध स्थापित गर्ने कुरामा भेनेजुएलासँगको सम्बन्ध समान प्रकारको वैचारिक धरातल र समान स्वार्थअनुसार बनेको स्पष्ट हुन्छ। कतार र साउदी अरेबियाले मडुरोलाई त्यतिबेला समर्थन गरेका थिए जतिबेला संयुक्त राष्ट्रसङ्घको मानवअधिकार काउन्सिलले २०१७-१८ मा मानवअधिकारसम्बन्धी मुद्दा भेनेजुएलामाथि उठाइएको थियो। वासिङ्टनले साउदी, कतारजस्ता इस्लामिक देशहरूलाई मानवअधिकार उल्लङ्घन गर्ने देश मान्दछ। यी देशहरूले भेनेजुएलामाथि उसको सार्वभौम सत्ता सुरक्षित हुनुपर्छ भन्दै अमेरिकी हस्तक्षेपको विरोध गरेका थिए।

त्यस्तै पश्चिमा शक्तिराष्ट्रहरू खासगरी अमेरिका र उसका साझेदार देशसँगको सम्बन्धमा सामूहिक रूपमा अनुभूति गर्नुपर्ने लघुताभास उनीहरूमाथि बारम्बार लगाइने नाकाबन्दी हुने गरेको छ। यी देशहरूले अमेरिकाबाट समान प्रकारको दबाब, अपहेलना र नाकाबन्दीको मार खेप्नुपरेको छ, यो आर्थिक युद्धका रूपमा देखापरे पनि मूलतः एक्काईसौं शताब्दीको विश्वयुद्ध हो। मडुरो र एर्दगान अमेरिकाविरुद्ध मूलतः आर्थिक नाकाबन्दीको कारण पैदा भएको विरोधी भावनाका कारण एक ठाउँमा भएका हुन्। टर्कीले स्पष्टसँग भनेको थियो, यसप्रकारका अवस्थामा हामी भेनेजुएलाको साथमा रहनेछौं। कारकसमा व्यापारीहरूको फोरममा अमेरिकाले भेनेजुएलामाथि थोपरेको आर्थिक नाकाबन्दीका विरुद्ध बोल्दै एर्दगानले भनेका थिए, 'हामी यसप्रकारका कदमहरूलाई स्वीकार गर्दैनौं जसले विश्व व्यापारका नियमहरूको उल्लङ्घन गर्छ। व्यापारिक रोकावट र नाकाबन्दीहरू गलत छन्।' यही क्रममा भेनेजुएलाको केन्द्रीय बैङ्कले सन् २०१८ मा कथित अन्तर्राष्ट्रिय नाकाबन्दीको निरन्तरताका कारण स्विट्जरल्यान्डबाट आफ्नो सुन टर्कीमा सारेको थियो।

अमेरिकी चेतावनीका बाबजुद भारतले इरान र सिरियासँग राजनीतिक र आर्थिक सम्बन्ध बनाएको छ र भेनेजुएलाप्रति पनि त्यही प्रकारको नीति बनाएको छ। मोदी सरकारले स्पष्ट गरिसकेको छ- अमेरिकी नाकाबन्दी र कारबाहीको चेतावनी हुँदाहुँदै पनि भारतले भेनेजुएलासँगको व्यापारलाई निरन्तरता दिनेछ। २०१७ मै भेनेजुएलाका अधिकारीहरूले भेनेजुएलाले भारतमा बैङ्कखाता खोल्ने र त्यो खाताबाट तेलको पैसा अमेरिकी डलरलाई विस्थापित गर्दै भारतीय रूपैयाँमा भुक्तानी लिने बताएका थिए। त्यस्तैगरी कतारले पनि भेनेजुएलासँगको सम्बन्धलाई आफ्नो आवश्यकतामा बढाइरहेको छ। तेल उत्पादनमा लगानी, व्यापारमा लगानी, बजार व्यवस्थापनका लागि आपसी समझदारीका लागि उसलाई पनि भेनेजुएलासँगको सम्बन्ध एउटा अवसर बनेको छ। कतारले पनि साउदी अरेबियाबाट नाकाबन्दी खप्नुपरेको थियो।

जतिबेला पश्चिम गोलार्द्धका शासकहरूबाट मडुरोमाथि अति दबाब परेको थियो, त्यो समयमा रुस र चीनको समर्थन भेनेजुएलालाई प्राप्त भयो जसले यहाँको अर्थतन्त्रलाई सञ्चालन गर्नका लागि आर्थिक सहयोग पुऱ्यायो र भेनेजुएलाको डुब्दो अर्थतन्त्र उत्रन मद्दत गऱ्यो। चीनले ऋणका रूपमा भेनेजुएलालाई ७० अर्ब डलर दिने भयो जुन २००८ देखि विभिन्न चरण गरी उपलब्ध गराइँदै आइएको छ। यसको भुक्तानी भेनेजुएलाले तेल दिएर गर्नुपर्ने छ। विगत २००६ देखि रुससँग भेनेजुएलाले आर्थिक सहायता प्राप्त गर्नुका साथै ऋणका अतिरिक्त हतियार खरिद गर्ने सम्झौतासमेत गरेको थियो जसको मूल्य करिब ११ अर्ब डलरबराबरको थियो।

अहिले विश्वका धेरै मानिसहरूको गहिरो चासोको विषय चीन र रुसको व्यवहार के होला भन्नेमा रहेको छ, भेनेजुएलाका सहयोगीहरू हुन्। तर अभूतपूर्व वैधानिकताको सङ्कट खेपिरहेको कराकसले विश्वभरिमा सहयोगीको कसरी बढीभन्दा बढी साथ लिन सक्ला भन्नेमा देखिन्छ। मडुरोले राजनीतिक, आर्थिक, व्यापारिक र वैचारिक क्षेत्रमा विश्वलाई गोलबन्द गर्न खोजेको देखिन्छ। यद्यपि अमेरिकाले यिनै क्षेत्रमा कराकसलाई एक्ल्याउन खोजेको छ।

अमेरिकी साम्राज्यवादको दबदबामुनि रहेको भेनेजुएलाको विश्व व्यापार, राजनीतिक, व्यापारिक र मनोवैज्ञानिक सम्बन्ध अमेरिकाभन्दा बाहिर विकास भएको देख्नु अमेरिकालाई मन पर्ने पक्ष होइन र यो उसको घाँटीमा अड्किएको कबाफको हड्डी भएको छ र यसको अपरेसन गर्न र हड्डी दूर गर्न सैनिक हस्तक्षेपसम्म गर्न तयार छ। अमेरिकी युद्धमन्त्री जोन बोल्टनले भनी पनि सकेका छन्, सबै सम्भावनाहरू टेबलमा छन्।

**मडुरोलाई एक्ल्याउने अमेरिकी प्रयत्न**

सन् १९९० को पछिल्लो चरणदेखि २००० सम्ममा ल्याटिन अमेरिकामा वामपन्थीहरूको सरकार बन्ने पिङ्क टाइड 'पीत ज्वार' एउटा तरङ्गका रूपमा नै चल्यो। यो उभार सन् १९९८ मा ह्युगो चाभेज निर्वाचित हुनुले चाभेज र उनका उत्तराधिकारी मडुरोका लागि उपयुक्त वातावरण तयार गऱ्यो। तर यो पीत ज्वार ल्याटिन अमेरिकामा त्यतिबेला झर्न थाल्यो जब मडुरोको सरकारका कामकारबाहीप्रतिको आशङ्का र अविश्वास गर्ने दक्षिणपन्थी राजनीतिक दलहरूले ल्याटिन अमेरिकी देशहरूमा विजय हासिल गरे।

अर्जेन्टिनामा सन् २०१५ को चुनावमा चाभेज र मडुरोका समर्थक वामपन्थी राष्ट्रपति क्रिस्टिना फर्नान्डेज द कृच्नर पराजित भए। उनको ठाउमा मध्यपन्थी-दक्षिणपन्थी म्यक्री निर्वाचित भए। कृच्नरको नीतिका विरुद्ध म्यक्रीले भेनेजुएला र मडुरोको सरकारप्रति कठोर नीति अपनाए। उनले मडुरोलाई राष्ट्रपतिका रूपमा नमानेर उनका विरोधी पार्टीका नेतालाई राष्ट्रपति मान्ने नीति बनाए। ब्राजिलमा पनि २०१६ को निर्वाचनमा वामपन्थी नेता डिल्मा रोउसेफ पराजित हुँदै मध्यपन्थी-दक्षिणपन्थी मिसेल टिमर नेतृत्वमा आए। उनको नीति भेनेजुएलासँगको सम्बन्ध राम्रो बनाउने रहेन। र २०१८ को चुनावमा ब्राजिलमा घोर दक्षिणपन्थी विरोधी पार्टीका नेता जइर बोसोनारोले राष्ट्रपतीय चुनावमा विजय हासिल गरे। उनले पनि मडुरोप्रति कडा नीति अपनाउने सङ्केत देखाएका छन्। उनको चुनावी अभियानमा आफ्ना समर्थकहरूलाई यहाँसम्म भन्न पुगेका थिए- भेनेजुएलाविरुद्ध सैनिक कारबाही गर्नसमेत ब्राजिल तयार हुनेछ। उनले वक्तव्य प्रकाशित गरेरै भने- भेनेजुएलाका कानुनी अधिकार प्राप्त राष्ट्रपति ग्वाइडो नै हुन्। मडुरो अवैधानिक भैसकेका छन्।

भेनेजुएलाको सम्बन्ध भएको अर्को देश इक्वेडोर थियो। सन् २००७ को चुनावमा वामपन्थी नेता राफाएल कोर्रेआ राष्ट्रपति निर्वाचित भएका थिए। तर उनले लेनिन मोरेनोलाई सत्ता हस्तान्तरण गरेपछि भेनेजुएलाप्रति इक्वेडोरको नीतिमा नाटकीय परिवर्तन आयो। दुई देशहरूबीचका नेताहरूबीच आक्रामक टिप्पणीहरू गर्नुले सम्बन्धमा चिसो आएको छ। यसमा भेनेजुएलाका सञ्चारमन्त्रीले मोरेनोका विरुद्ध कडा टिप्पणी गरेका थिए जसको परिणाम इक्वेडोरले भेनेजुएलाको राजदूतलाई क्विन्टोमा निष्कासन गरे र भेनेजुएलाको अधिकारीहरूले इक्वेडोरका कार्यवाहकलाई कारकसमा अमान्य बताए। यसरी इक्वेडोरले पनि लिमा ग्रुपको बाटो समात्यो र ग्वाइडोलाई वैधानिक राष्ट्रपतिको मान्यता दियो। अरू कतिपय देशहरूको सन्दर्भमा पनि यस्तै भएको छ। मडुरोले राष्ट्रपतिको शपथ गरेपछि पेरू र पाराग्वेले भेनेजुएलासँगको कूटनीतिक सम्बन्धविच्छेद गरे र आफ्ना कूटनीतिक अधिकारीहरूलाई फिर्ता बोलाए। यसरी मडुरोको सरकारलाई अपदस्थ गर्नका लागि भेनेजुएलालाई एक्ल्याउन अमेरिकाले आफ्ना सबै अस्त्रहरू प्रयोग गऱ्यो। कूटनीतिक, राजनीतिक, आर्थिक, नैतिक र भौतिक अस्त्रहरूको प्रयोग गरी मडुरोलाई एक्ल्याउने प्रयत्न गर्दै आयो।

**सहयोगी बढाउने भेनेजुएलाको प्रयत्न**

ल्याटिन अमेरिकी देशहरूका केही यी देशहरूले भेनेजुएलासँगको सम्बन्धविच्छेद गरे पनि त्यस क्षेत्रका क्युबा, बोलिभिया, एल साल्भाडोर र निकारागुवाले मडुरोलाई समर्थन गरे। त्यसमा मेक्सिकोमा 'वामपन्थी' आन्द्रे म्यान्युअल लोपेज ओब्राडोर गत वर्ष निर्वाचित भएका राष्ट्रपति हुन्। उनले पहिलेको सरकारले मडुरोका विरुद्ध जसरी कडा व्यवहार गर्ने नीति बनाएको थियो। त्यसमा परिवर्तन गर्दै मडुरोको सरकारलाई समर्थन गर्ने नीति बनाए र ग्वाइडोको स्वघोषित अन्त्यरिम राष्ट्रपतिका विरुद्ध मडुरोको समर्थन गरे। लोपेज ओब्राडोरले २०१८ डिसेम्बर १ को आफ्नो राष्ट्रपति शपथग्रहण समारोहमा मडुरोलाई आमन्त्रण पनि गरेका थिए। लोपेज निर्वाचित हुनुभन्दा पहिलेको राष्ट्रपतिकालमा मेक्सीको लिमा ग्रुपमा रहेको थियो तर लोपेज राष्ट्रपति भैसकेपछि लिमा समूहमा हस्ताक्षर गरेको देश भए पनि मडुरोलाई सत्ता हस्तान्तरण गर्नका लागि गरेको आह्वानमा हस्ताक्षर नगर्ने एउटा मात्र देश रह्यो। म्यानुअल लोपेज ओब्राडोर 'वामपन्थी' वा 'समाजवादी' भएकै कारण अमेरिकाका लागि सहिसक्नु भएको छैन। मेक्सिकोका जनताको अर्थतन्त्र, जनजीवन ध्वंस गर्न मेक्सिको सीमा क्षेत्रमा पर्खाल लगाउने र त्यसको लागत पनि मेक्सिकोले तिर्नुपर्ने ब्वाँसेतर्क अमेरिकाले गर्दै आएको छ। त्यस्तै गरी ल्याटिन अमेरिकी देश उरुग्वेले पनि मेक्सिकोकै पक्ष लियो र विरोधी नेता ग्वाइदोलाई विधिवत् राष्ट्रपति मान्न अस्वीकार गऱ्यो। यसरी भेनेजुएलाले गरेको प्रयत्नलाई पश्चिमा बुद्धिजीवीहरू, पत्रकार र विश्लेषकहरूको विश्लेषण रहेको छ यी देशहरूमा मडुरोका केही समान अवधारणाहरू छन्। पहिलो, यी देशका धेरैजसो नेताहरू मडुरोको जस्तै व्यक्तिगत सम्बन्धका आधारमा कूटनीतिक सम्बन्धलाई स्थान दिन्छन् जसमा नेतानेताबीचको सम्बन्धलाई प्राथमिकता दिइन्छ। यो प्रक्रिया वास्तवमा संस्थागत सम्बन्ध बनाएरभन्दा व्यक्तिव्यक्ति गर्दा जुनसुकै सहमतिमा पुग्न सजिलो र सहज हुन्छ। दोस्रो, मडुरोका अत्यधिक सहयोगीहरूको भेनेजुएलासँग आर्थिक स्वार्थ लुकेको छ। तेस्रो, यी देशहरूले राजनीतिक र वैचारिक रूपमा भेनेजुएलासँग सम्बन्ध राख्छन् जसमा आदेशात्मक रुझान, क्षेत्रीय रूपमा अलग्गिएको अनुभूति र कडा रूपमा थोपरिएको नाकाबन्दीप्रति अपहेलित भएको साझा अनुभूति गर्छन्।

भेनेजुएलाले अमेरिकी हस्तक्षेपका विरुद्ध विकसित र विकासोन्मुख देशहरूसँग सहकार्य गर्ने र संयुक्त मोर्चा निर्माण गर्ने विधि अपनाएको छ। यसप्रकारको सम्बन्ध साम्राज्यवादी उत्पीडनको कारण पैदा हुने राजनीतिक अस्थिरता, नेतृत्वको भूमिका र व्यक्तिगत पहलकदमीअनुसार कूटनीतिक सम्बन्ध विस्तार गरेको देखिन्छ। यसप्रकारको सम्बन्धमा आधारित कूटनीति मडुरो र तमाम देशहरूका बीचमा जसरी हुने गरेको छ त्यसले आपसमा समझदारी बनाएको देखिन्छ र त्यसले व्यापारिक, राजनीतिक, प्राविधिक सम्बन्ध बनाउनका लागि पनि स्थलगत काम गरेको देखिन्छ। कतिपय देशहरूका लागि भेनेजुएलाको राजनीति र प्रचुर प्राकृतिक स्रोतहरूमाथिको यथेष्ट उपयोग गर्न गरिने सम्झौताका लागि मडुरो सही प्रयोगकर्ता भएको मान्छन्। मडुरोसँगको नजिकको सम्बन्धले भेनेजुएलामा पाइला राख्न मद्दत गर्ने सबैले महसुस गर्छन् जसले भेनेजुएलामा करोडौं डलर लगानी गरी व्यवसाय गर्न बाटो खोल्नेछ। टर्कीका राष्ट्रपति रेसप ताइप एर्दगान र मडुरोबीचको व्यक्तिगत सम्बन्ध यसको उदाहरण मानिन्छ। मडुरोले एर्दगानलाई आफ्नो सहयोगी र नयाँ बहुध्रुवीय विश्वको नेता भएको टिप्पणी गरेका थिए जहाँ एर्दगानले 'आफ्नो साथीले केही देशहरूबाट म्यनिपुलेटिभ आक्रमणहरू र आर्थिक हत्याद्वारा देशको ध्वंस गर्दैछन्' भनेका थिए। सन् २०१७ देखि १९ सम्म भेनेजुएलाको राष्ट्रपतिले टर्की ४ पटकसम्म यात्रा गरेका छन् र टर्कीले एकपटक यात्रा गरेको छ। यो सम्बन्धका कारण टर्कीले भेनेजुएलामा अत्यधिक फाइदाजनक कदम राख्न पुगेको छ। व्यापार, वित्तीय, ऊर्जा, पर्यटन र हवाई यातायातसम्बन्धी दुईपक्षीय समझदारी अद्वितीय स्तरमा पुगेका छन्। अहिलेको राजनीतिक सङ्कटबाट विश्वयुद्धका रूपमा चलेको अमेरिकी प्रताडनाको भुमरीमा परेका मडुरोका पक्षमा एर्दगान उत्साहपूर्ण तरिकाले उभिएका छन्।

बेलारुसका एलेक्जेन्डर लुकासेन्को पनि मडुरोजस्तै व्यक्तिगत कूटनीतिक सम्बन्ध बनाउने नेता हुन्। बेलारुस आर्थिक र राजनीतिक दृष्टिकोणले विकसित भए पनि राजनीतिक चरित्रका दृष्टिले तेस्रो विश्वजस्तै मुलुक हो। विभिन्न सहमति र आर्थिक साझेदारीको विकासद्वारा बेलारुस र भेनेजुएलाले रणनीतिक साझेदारी विकास गरिसकेका छन्। उनीहरूले सैनिक सम्बन्ध अझ बलियो बनाउने उपाय खोजिरहेका छन्। मडुरोले २०१७ मा बेलारुसको औपचारिक भ्रमण गरेका थिए। अहिले लुकासेन्कोले ग्वाइडोका विरुद्ध मडुरोलाई समर्थन गरेका छन्।

इजिप्टका राष्ट्रपति अबदेल फताह एल-सीसी पनि गैरअमेरिकी राष्ट्रपति हुन् जसले भेनेजुएलासँग व्यक्ति-व्यक्तिबीचको सम्बन्ध बनाउन चाहन्छन्। सीसी ती पहिला नेताहरूमध्येका हुन् जसले भेनेजुएलाको निर्वाचनमा मडुरो राष्ट्रपति भएकोमा बधाई दिएका थिए र मडुरोको हत्या प्रयासको निन्दा गरेका थिए। यो हत्या प्रयास त्यतिबेला भएको थियो जतिबेला मडुरोले सैनिक परेडमा सम्बोधन गर्दै थिए र विस्फोटकले भरिएको ड्रोन राष्ट्रपतितिर आकाशमा उडाइएको थियो। सीसीले अहिलेको अन्योलका बारेमा बोलेका छैनन् तर गत मे महिनामा भएको चुनावमा मडुरोले पुनः विजय हासिल गरेकोमा बधाई दिएका थिए।

मडुरोले अजरबैजानका राष्ट्रपति इल्हाम अलिभेभसँग पनि राम्रो सम्बन्ध बनाएका थिए। भेनेजुएलाले बाकुमा सन् २०१८ मा मात्र दूतावास खोलेको थियो। कूटनीतिक पहलकदमीको अझ महत्वपूर्ण पक्ष के हो भने ल्याटिन अमेरिकी देशहरूमा बाकुमा दूतावास खोल्ने पहिलो देश भेनेजुएला नै भएको छ। भेटमा दुवै नेताहरूले पर्यटन, संस्कृति, कृषि, वित्तीय क्षेत्र र ऊर्जामा सहकार्य गर्ने कुरामा सहमत भएका थिए।

**सैन्य कारबाहीको सम्भावना**

लेनिनले भन्नुभएको थियो, 'साम्राज्यवाद भनेको युद्ध हो। आज २१ औं शताब्दीको नयाँ प्रकारको विश्वयुद्ध चलिरहेको छ र यो समग्र युद्धमा विश्वभरका जनताले कुनै न कुनै रूपमा युद्धको मार खेपिरहनुपरेको छ। कहीं आर्थिक उत्पीडनको त कहीं सैन्य कारबाहीको। यो स्थिति इराक, लिबिया, सिरिया हुँदै अब भेनेजुएलातिर सर्ने खतरा बढेको छ। यहीबीच रुसको निजी सुरक्षा ठेकेदारहरू भेनेजुएला गरेको २५ जनवरीमा प्रकाशित द गार्डियन पत्रिकाले जनाएको छ। यो पत्रिकाले जनाएको छ- रुसी सेना सिरिया र युक्रेनबाहेक अफ्रिकामा पनि प्रवेश गरिसकेको छ। भेनेजुएलामा रुसी सेनाको प्रवेश ल्याटिन अमेरिकामा पहिलो हुनेछ। यसैबीच रुसले भेनेजुएलामा टीयू-१६० नामको आणविक बमवर्षक दुईवटा विमान भेनेजुएला पठाइसकेको पनि यो पत्रिकाले जनाएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी यूएसएको मुखपत्र रिभोल्युसनका अनुसार अमेरिकाका राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले भेनेजुएलाका विरुद्ध सबै सम्भावनाहरू टेबलमा रहेको बताएका छन्।

यसैबीच भेनेजुएलामाथिको अमेरिकी व्यवहार बेठीक भएको अमेरिकी सेनेटर र आगामी राष्ट्रपति उम्मेदवार बेर्ने स्यान्डर्स (क्भला द्यभचलक्ष क्बलमभचक) ले कडा प्रतिक्रिया दिएका छन्। उनी अमेरिकी सिनेटमा भएका 'वामपन्थी' 'समाजवादी' मानिन्छन्। उनले २४ जनवरीमा भेनेजुएलामा विकास भएको घटनाप्रति प्रतिक्रिया दिँदै भनेका थिए, 'संयुक्त राज्य अमेरिकाले कानुनको शासन, निष्पक्ष चुनाव र भेनेजुएली जनताको आत्मनिर्णयको अधिकारको समर्थन गर्नुपर्छ। हामीले हतियारविहीन प्रदर्शनकारीमाथि भएको हिंसात्मक घटनाहरू र विरोधीमाथिको नृशंस दमनको भर्त्सना गर्नुपर्छ। फेरि पनि हामीले विगतबाट शिक्षा लिनुपर्छ र हामी रेजिम चेन्जको धन्दामा लाग्नु हुँदैन, न त तख्तापलटकै धन्दामा जस्तो हामीबाट चिली, ग्वाटेमाला, ब्राजिल र डोमिनिकन रिपब्लिकमा भएको थियो। संयुक्त राज्य अमेरिकाले ल्याटिन अमेरिकी देशहरूमा गलत तरिकाले हस्तक्षेप गरेका विगतको लामो इतिहास छ। हामी पुनः त्यही बाटोमा जानु हुँदैन।'

बेर्ने स्ट्यान्डर्को यो टिप्पणीप्रति रुष्ट बनेका वासिङ्टन पोस्ट दैनिकका सहायक सम्पादक ज्याक्सन डिहेलले 'कमजोर सूचनामा आधारित वामपन्थीहरूले भेनेजुएलाको राजनीतिक सङ्कट ल्याटिन अमेरिकी देशहरूमा संयुक्त राज्य अमेरिकी हस्तक्षेपको परिणाम हो भन्ने धारणालाई गति दिइरहेका छन्' भन्दै प्रहार गरे। उक्त सम्पादकीयमा उजागर गरिएको छ, 'राष्ट्रपति ट्रम्पले कराकसले आर्थिक अवस्था र राजनीतिक व्यवस्था ध्वस्त गर्दागर्दै पनि भेनेजुएलामाथि सम्पूर्ण स्तरको मुटभेटाई पन्छाउँदै आएका छन्।' सहसम्पादक ज्याक्सनले लेखेका छन्, 'संयुक्त राज्य अमेरिकाको नेतृत्वबिना समस्या समाधान गर्न नसक्ने बानी परेका ल्याटिन अमेरिकी राष्ट्रहरू र उनीहरूको अहस्तक्षेपकारी नीतिको विरोध गर्ने परम्पराको कारण, उनीहरू चाभेज र उनका उत्तराधिकारी मडुरोको चुनौती सामना गर्नबाट पन्छिए। केही चाभेजले आफ्ना सहयोगीहरूलाई खुला (शब्दमा जोड मेरो) रूपमा वितरण गर्ने पेट्रोलबाट आउने डलरको तीव्र अपेक्षामा बोलिभियनवादको समर्थन गरेका छन्।' त्यहाँ जिकिर गरिएको छ, भेनेजुएलाको ३ करोड २० लाख जनसङ्ख्यामध्ये ३० लाख जनता, करिब १० प्रतिशत देश छाडेर शरणार्थीका रूपमा कोलम्बिया, ब्राजिल, पेरू, इक्वेडोर, चिली र पानामा पसेका छन्। यस विषयमा समाधान गर्न २०१७ को अगस्तमा ११ ल्याटिन अमेरिकी देशहरू र क्यानाडासहित भएर लिमा ग्रुप गठन गरेका थिए जसले भेनेजुएलामा प्रजातन्त्र बहाली गर्नका लागि भेनेजुएलामाथि दबाब दिँदै आएका थिए। उक्त सम्पादकीयमा भनिएको छ, 'ट्रम्प प्रशासनले लिमा ग्रुपलाई प्रोत्साहित गऱ्यो तर आफैं सहभागी भएन।' यसबाट प्रस्ट हुन्छ अमेरिकाले अहिले आर्थिक नाकाबन्दी, राजनीतिक प्रचार, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा प्रस्ताव पेस गर्नेदेखि सैनिक हस्तक्षेपको विभीषिका तयार गर्नेछन् र स्थिति परिआयो भने सैनिक कारबाही गर्नेछन्। भेनेजुएलाका राष्ट्रपनि मडुरोको कोलम्बोमार्फत हत्याको प्रयास गर्नु र ड्रोन आक्रमण गर्नेसम्म लैजानु, भेनेजुएलाको सेनाका अधिकारीहरूलाई गुप्त रूपमा खुसामद गर्नु र आवश्यक पर्ने रकम दिन वचनबद्ध हुनु भेनेजुएलामाथि गरिने सैनिक कारबाहीका सङ्केत हुन्। अझ राष्ट्रपति मडुरोले नै अमेरिकाले सैनिक आक्रमण गरेमा 'भेनेजुएलालाई अर्को भियतनाम हुन नदिने' कुरा सार्वजनिक रूपमा बोल्नुले भेनेजुएला युद्धको भुमरीमा परेको सङ्केत गर्छ।

**भेनेजुएलामा अब के हाला ?**

यो प्रश्नको जबाफमा यार्डियन पत्रिकाले चारवटा सम्भावित परिणाम आउने बताएको छ। मडुरो सत्तामा रहिरहलान् ? सत्ता पक्ष र विपक्षका बीचको यो कटाक्ष के युद्धमा गएर पटाक्षेप होला ? युद्धको चापमा परेको राष्ट्र भेनेजुएला अहिले दोबाटोमा उभिएको छ। गाडियनले विश्लेषण गरेको छ, मडुरोलाई देशको सेनाको समर्थन छ, ख्वाइदोलाई जनताको र विदेशीहरूको समर्थन छ।

ती सम्भावनाको चर्चा गर्दै पश्चिमा विश्लेषकहरूको निष्कर्षलाई पत्रिकाले अगाडि सारेको छ, पहिलो सम्भावना वा परिणाम मडुरो सत्तामा रहिरहन सक्छन् किनकि विगतमा पनि त्यस्तै भएको हो र अहिले पनि त्यो हुनसक्छ। तर त्यो सत्ता कति लामो समयसम्म टिक्ने होला ? सन् २०१४ को जनप्रदर्शनपछि मडुरोको सरकारले राजनीतिककर्मी ग्वाइडोलगायत नेताहरूलाई निसाना बनाएको थियो। विपक्षी नेता लियोपोल्दो लपे (भियउयमिय ी उभश) गिरफ्तार मात्र गरिएनन् बरु चुनावमा उठ्नसमेत प्रतिबन्ध लगाइयो र ५ वर्षदेखि अहिलेसम्म उनी हाउस एरेस्ट अवस्थामा छन्। यसप्रकारको राजनीतिक प्रक्रियाले सत्ता केही समय टिक्नेछ तर पुनः विद्रोह अनिवार्य हुनेछ। यसबीच ट्रम्पले मडुरोका विरुद्ध आर्थिक नाकाबन्दीलाई अझ कडा पार्न सक्छन्। मडुरोले सेनाका ब्रासहरूलाई आर्थिक अनियमितता गर्न र फाइदाजनक देशको तेल कम्पनी पीडीभीएसएमाथि आर्थिक प्रतिबन्ध लागउँदा त्यो मडुरोको सत्ता कमजोर हुने र विपक्षीहरू सरकारमा आउने सम्भावना रहन सक्नेछ। अमेरिकी र पश्चिमा साम्राज्यवादीहरूका लागि त्यो समस्याको समाधान हुनेछ।

उनीहरू दोस्रो समाधान कुनै नयाँ जनप्रतिनिधिबाट भेनेजुएलाको सरकारलाई विस्थापित गर्नु अर्को समाधान हुनसक्ने बताउँछन्। त्यसैगरी यो सरकारले तागतको प्रयोग गरी सत्तामा बसिरहने हो भने 'रेजिम चेन्ज' समाधानको तेस्रो विधि हुनसक्ने उनीहरू बताउँछन्। यी कुनै पनि विधिले काम गरेनन् भने युद्ध गर्ने चौथो विधि बताउँछन्।

अहिलेकै अवस्थामा हेर्दा भेनेजुएलाका अगाडि ठूला चुनौतीहरू खडा भएका छन्। पहिलो चुनौती छिमेकीहरूको घेराबन्दी भएको अवस्थामा बाहिरी देशहरूको समर्थनलाई आफ्नो सरकारको रक्षा गर्ने स्तरसम्म कसरी लैजाने भन्ने हो। दोस्रो चुनौती भेनेजुएलाको आर्थिक क्षेत्र जसरी पूर्ण धराशायीको किनारमा पुगेको छ त्यसलाई कसरी बचाउने भन्ने हो। तेस्रो चुनौती अमेरिकी साम्राज्यवादी हस्तक्षेप र आर्थिक एवम् राजनीतिक युद्ध सैन्ययुद्धमा फेरियो भने त्यसको प्रतिरोध कसरी गर्ने भन्ने हो।

यी विषयहरूमा वास्तविक कम्युनिस्टहरूले कस्तो प्रकारको रणनीति अपनाउने, साम्राज्यवादका विरुद्ध कसरी सङ्घर्ष गर्ने र आआफ्नो देशका शत्रुलाई कसरी परास्त गर्ने भन्ने विषयमा गम्भीर छलफल गर्नु आवश्यक छ। यसबारेमा अन्य लेखहरूमा छलफल गरिनेछ।

**सन्दर्भ सामग्रीहरू**

- ग्लोबल रिसर्च डट सीए
- टाइम्स अफ इन्डिया
- वासिङ्टन पोस्ट
- न्युयोर्क टाइम्स
- गर्डियन विक्ली
- विभिन्न व्यक्तिहरूका लेख र विवेचनाहरू

# चैत २४ को गौरवगाथा

**क. पृष्ठभूमि**

सुगौली सन्धिपछि नेपाल अङ्ग्रेजको सुरक्षा छाताभित्र कैद भएको थियो । भारतबाट अङ्ग्रेज पलायन भएपछि भारतले आफूलाई दक्षिणएसियामा अङ्ग्रेजको उत्तराधिकारी ठान्दै आयो । तर दक्षिणएसियाका देशहरू विश्व लहरसँगै स्वतन्त्र हुन चाहन्थे । सन् १९५० मा भारतले ढल्न लागेको निरीह रणा सरकारलाई दबाब दिएर तथा उनीहरूको सम्पत्ति, सत्ता साझेदारी र शरण दिने प्रलोभनसमेत दिएर कथित 'शान्ति तथा मैत्री' सन्धि गरायो । त्यसबेला समाजवादी शिविर शक्तिशाली थियो । उत्तरी छिमेकमा माओ त्सेतुङ नेतृत्वको समाजवादी चीन थियो । जसको प्रभाव र वैचारिक उत्प्रेरणा तीव्र बन्दै गएको थियो । भारतको अपेक्षाविपरीत २०१३ सालमा नेपाल र चीनका बीचमा दौत्य सम्बन्ध कायम भयो । त्यसैगरी २०१६ सालमा 'नेपालमाथिको हमला भारतमाथिकै हमला हो' भन्दै नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्न चाहने नेहरूको धारणालाई प्रधानमन्त्री बीपी कोइरालाले ठाडै अस्वीकार गरिदिए । बीपीसँग चिढिएको दिल्लीले महेन्द्रलाई उचाल्दै थियो । राजा महेन्द्रले भारतसमर्थित संसदीय व्यवस्था नै उखेलेर पञ्चायती व्यवस्था लागू गरे ।

२०२६ सालमा नेपालको उत्तरी सिमानामा रहेका भारतीय सैन्य चौकी र जाउलाखेलमा रहेको सैन्य मिसन कार्यालय नेपालले फिर्ता गर्‍यो । २०३३ सालमा भारतको दबाबबाट वाक्क भएका बीपी कोइराला 'इन्दिरा गान्धीको जेलभन्दा नेपालकै जेलमा बस्नु बेस्' भन्दै स्वदेश फर्किए । २०४५ सालमा राजा वीरेन्द्रले चीनबाट हतियार खरिद गरे । दिल्लीको इच्छाविपरीत राजा वीरेन्द्रले शान्ति क्षेत्रको प्रस्ताव अगाडि बढाइरहेका थिए । सङ्क्षिप्तमा भन्दा 'भारतले नेपाललाई आफ्नो नियन्त्रणभित्र राख्न चाहने तर नेपाल भने बाहिर निस्कन चाहने परस्पर विरोधी रणनीति' का कारण दिल्ली र काठमाडौँको बीचमा सधैँ तनावपूर्ण सम्बन्ध रहिआएको छ । २०२७ सालमा नाकाबन्दी लगाएको भारतले २०४५ सालमा पुनः नेपालमाथि नाकाबन्दी लगाएको थियो । नाकाबन्दीको अस्त्र प्रयोग गरेर भारतले नेपाल सरकारलाई झुकाउने रणनीति अख्तियार गर्‍यो । निरङ्कुश पञ्चायती व्यवस्थाबाट असन्तुष्ट जनमत भारतका विरुद्ध नगएर पञ्चायती व्यवस्थाविरुद्ध उत्रियो । राजनीतिक दलका नेताहरू संयुक्त जनआन्दोलनका पक्षमा ध्रुवीकरण हुन थाले ।

**ख. संयुक्त आन्दोलनको प्रयास**

भारतीय नेताहरूको पहलमा नेपाली काङ्ग्रेसले एक्लै पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलनको घोषणा गर्ने तयारी गर्‍यो । उता नेकपा (माले), नेकपा (मशाल), नेकपा (चौम) लगायत १२ वटा वामपन्थी पार्टीहरूका बीचमा कार्यगत एकता गरी आन्दोलनमा उत्रिने समझदारी भैसकेको थियो । त्यसैबीच वामपन्थी दलहरूलाई एकजुट हुन नदिने साम्राज्यवादी खेल सुरु भयो । नेकपा (माले) र नेकपा (चौम) ले पूर्वअडानबाट पछाडि हटेर ७ वटा दक्षिणपन्थी दलहरूको सहाना प्रधानको नेतृत्वमा 'वाम' मोर्चा गठन गरे । त्यसले नेपाली काङ्ग्रेसले घोषणा गरेको एकतर्फी नारामा सहमति जनायो । 'वाम' मोर्चा काङ्ग्रेसको पुच्छर बनेको चर्चा गरियो । 'संसदीय व्यवस्थाको पुनर्स्थापना' नेपाली काङ्ग्रेस र 'वाम' मोर्चाको अधिकतम कार्यक्रम थियो ।

नेकपा (मसाल), नेकपा (मशाल), सर्वहारावादी श्रमिक सङ्गठन, नेकपा (मालेमा) र नेपाल कम्युनिस्ट लिगले डा. बाबुराम भट्टराईको संयोजकत्वमा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' नामक क्रान्तिकारी वाम गठबन्धन गठन गरेर जनआन्दोलनमा जाने निर्णय गरे । २०४६ साल माघ ५ गते गणेशमान सिंहको निवास ठमेल, चाक्सीबारीमा भएको भेलाले फागुन ७ गतेदेखि जनआन्दोलनमा उत्रने निर्णय काङ्ग्रेसले गर्‍यो । २०४६ साल माघ २ गते काठमाडौँ खिचापोखरीस्थित पानोरमा होटेलमा पत्रकारसम्मेलन गरी संयुक्त 'वाम' मोर्चा गठन भएको घोषणा गरियो । वाममोर्चाले नेपाली काङ्ग्रेसकै नारा र मितिमा काठमाडौँबाट आन्दोलन घोषणा गरेको थियो । संयुक्त राष्ट्रिय जनआन्दोलनले भने नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाभन्दा केही दिन अगाडि चितवनबाट आन्दोलन सुरु गरेको थियो । नारायणगढबाट सुरु भएको आन्दोलनको पहिलो दिनमै हितमान शाक्य, मोतीरत्न अमात्यलगायत सयौँ कार्यकर्ता गिरफ्तार भएका थिए । क्रान्तिकारी वाम गठबन्धनले पञ्चायती व्यवस्था र राजतन्त्रविरुद्ध नारा दिएको थियो । वाममोर्चा काङ्ग्रेसको 'संवैधानिक राजतन्त्र' का पक्षमा र क्रान्तिकारी वाममोर्चा 'गणतन्त्र' को पक्षपाती भएका कारण सबै वामपन्थीको एउटै मोर्चा बन्न सकेन ।

**ग. चैत २४ गते र नेपाल बन्द**

नेपाली काङ्ग्रेस र वाममोर्चाको आन्दोलनमा सहभागिता घट्दै गएको थियो । नेपाली काङ्ग्रेस 'निर्दलीय' प्रावधान हटाएमा पञ्चायती व्यवस्थामै समाहित हुने मानसिकता थियो । बीपीपुत्र प्रकाश कोइरालाले आन्दोलन स्थगित गरेर राजासँग वार्ता गर्नुपर्ने धारणा सार्वजनिक गरिसकेका थिए । त्यो वक्तव्य सुनेर नोना कोइराला बेहोस भएर ढलेको सनसनीपूर्ण खबर फैलिएको थियो । त्यसैबीच चैत ३ गते प्रलेसले शान्तिवाटिकामा राखेको मौन जुलुसले केही राहत महसुस गरिँदै थियो । त्यसैबीच चैत २४ गते संयुक्त राष्ट्रिय जनआन्दोलनले नेपाल बन्दको घोषणा गर्‍यो । त्यो घोषणाले वातावरण तात्दै गएको थियो ।

**घ. हुरी चल्नुअघिको सन्नाटा**

साँझपख चलेको हावाले वसन्तऋतुको आगमन साबिकभन्दा केही अघि नै हुन लागेको सङ्केत दिइरहेको थियो । काठमाडौँवरपरका पहाडहरू साँझको अँध्यारोमा बिलाउँदै गएका थिए । प्रायः सबै पसलका सटरहरू बन्द भइसकेकाले सडकमा सडक बालबालिका मात्र थिए । तिनलाई भुस्याहा कुकुरहरूले साथ दिइरहेका थिए । दिउँसो कोलाहल मात्र रहने बागबजारका सडक रात छिप्पिँदै जाँदा अपत्यारिलो ढङ्गले सुनसान बनेको थियो । कुकुर हरूका भुकाइ र फाट्टफुट्ट चलेका मोटरसाइकलको आवाजले रातको चकमन्नतालाई किञ्चित खलबल्याउँथ्यो । मानिसहरूलाई त्यस रात अँध्यारोमा के हुन लागिरहेको थियो, त्यसको अत्तोपत्तो थिएन ।

देशभर आन्दोलन उग्र बन्दै गएको थियो । चितवन, हेटौँडा, जनकपुर, पोखरा, भक्तपुरजतातै हत्या र धरपकड बढ्दै गएको थियो । चैत १७ गते पाटनमा गोली चलाइएपछि चैत २० गते त्यसको विरोधमा 'उपत्यका बन्द' को घोषणा गरिएको थियो । कीर्तिपुर, पाँगा र नगाउँलाई प्रशासनले 'लालकिल्ला' ठान्थ्यो । चैत २७ को गोलीकाण्डपछि चैत १८ गते पाटनलाई 'मुक्त क्षेत्र' घोषणा गरिएको थियो । पाटन नगरभित्र 'अपरिचित र प्रहरी प्रवेशनिषेध' गरिएको घोषित बन्द असफल पार्नका लागि व्यापारीसँग सल्लाह गर्न नयाँ सडक पुगेका थिए । त्यहाँबाट भण्डारी मन्त्रीमण्डलको बैठकका लागि सिंहदरबार गए । त्यहाँ मन्त्रीहरूबीचमै भनाभन भयो । दरबारमा कस्तो खिचडी पाक्छ, कसैलाई थाहा थिएन । त्यसै रात २१ सदस्यीय निर्देशन समितिको बैठकमा प्रधानमन्त्री र गृहमन्त्रीलाई बोलाइएन । नवराज सुवेदी आफू प्रधानमन्त्री हुने दाबी गर्दै थिए । तर दरबारले राष्ट्रिय पञ्चायतको अध्यक्ष नै प्रधानमन्त्री हुने परम्परा तोड्दै थियो । २३ चैत राति १०:४५ को रेडियो नेपालको समाचारले चैत २४ गते बिहान ६:४५ मा राजाले देशबासीका नाममा सम्बोधन गर्ने समाचार सम्प्रेषण गर्‍यो । राजाले केही सुधार र वार्ताको पहल गर्ने अड्कल गरियो ।

**ङ. चैत २४ : ऐतिहासिक दिन**

२०३५ साल चैत २४ गतेकै दिन भुट्टोलाई फाँसी दिएको विरोधमा विद्यार्थी सडकमा ओर्लिएका थिए । प्रहरी र विद्यार्थी झडपले जनआन्दोलनको रूप धारण गरेपछि राजा वीरेन्द्रले 'आज' कै दिन पञ्चायती व्यवस्थालाई दाउमा राख्दै जनमतसङ्ग्रहको घोषणा गर्नुपरेको थियो । त्यही चैत २४ गतेको ऐतिहासिक दिन संयुक्त राष्ट्रिय जनआन्दोलनले नेपाल बन्द घोषणा गरेको थियो । बिहान ६:४५ को शाही सम्बोधनले मरिचमान श्रेष्ठ मन्त्रीमण्डलको खारेजी, लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नयाँ मन्त्रीमण्डल, आन्दोलनकारीसँग वार्ता र संविधान सुधार सुझाव आयोग गठन गर्ने मुख्य ४ विषय घोषणा गर्‍यो । वाममोर्चा र नेपाली काङ्ग्रेसका नेताहरू छलफलमै थिए । तलका कार्यकर्ताहरू अन्योलग्रस्त थिए । उता काठमाडौँमा शाही सम्बोधनका विरुद्ध विरोध प्रदर्शन भइरहेको थियो । त्यो सूचना पाएका 'वाम-काङ' गठबन्धनका कार्यकर्ता पनि पार्टीको आदेश नपर्खी



२०४६ फागुन १४ गते । नयाँसडक, काठमाडौँ । 'कालो दिन' मनाउने क्रममा पक्राउ परेका वामपन्थी नेता पद्मरत्न तुलाधर ।

थियो । भूमिगत नेताहरू खुला भाषण गर्न थाले । जनता घरेलु हातहतियारसहित पहरा दिन्थे । पाटनले चैत १८ पछि पूरै देशको नेतृत्व गरेको थियो । चैत १५ गते कीर्तिपुरमा पटकपटक भिडन्त भएको थियो । साँझमा प्रहरीले हेलिकोप्टरले आन्दोलनकारीमाथि गोलाबारी गर्‍यो । कयौँ आन्दोलनकारी मारिएका थिए ।

चैत २१ गतेदेखि कीर्तिपुर र त्यसआसपासका गाउँहरू पनि मुक्त क्षेत्र घोषणा भैसकेका थिए । त्रिभुवन विश्वविद्यालयमा प्रहरी र विद्यार्थी भिडन्तमा दर्जनौँ घाइते भएका थिए । विद्यार्थी नेता कृष्ण सेन 'इच्छुक' लगायत दर्जनौँ गिरफ्तार भएका थिए । चैत २१ गते प्रहरीले वीर अस्पताल र शिक्षण अस्पतालमा हस्तक्षेप गरेपछि भोला रिजाल र मथुराप्रसाद श्रेष्ठको नेतृत्वमा चिकित्सकहरू पनि आन्दोलनमा उत्रिए । सरकारी कर्मचारीहरू पनि सरकारी दबाव अस्वीकार गर्दै आन्दोलनमा उत्रिन थाले । देशबाहिर प्रमुख सहरहरू रगताम्य भैसकेका थिए । हेटौँडा, नारायणघाट, पोखरा, जनकपुरका मूल सडकका पसलका सटरहरू गोलीले प्वालैप्वाल बनेका बीभत्स दृश्य देखिन्थे । मङ्गलबजारमा थुनिएका प्रहरीको उद्धारमा शाहीसेना खटाउने सूचना पाएपछि प्रहरीलाई आन्दोलनकारीले छोडिदिए । प्रहरी जुवा हारेको जुवाडेझैँ लुरुलुरु पैदलै लगनखेलतिर गए ।

चैत २१ गते नै नेपालका बैङ्कहरू डुब्न लागेको, कतिपय शासकहरू भाग्न लागेकोजस्ता हल्ला भए । सरकारले त्यसको खण्डन गर्‍यो । तर परिणाम उल्टो आयो । निक्षेपकर्ताहरू बैङ्कतिर दौडन थाले रन टु बैङ्कको अवस्था सिर्जना भयो । २२ गते राति राजा वीरेन्द्रले भूतपूर्व प्रधानमन्त्रीलगायत वरिष्ठ पञ्चहरूको बैठक बोलाएर रायसुझाव लिएका थिए । २३ गते मध्याह्नमा राजाले फेरि अर्को बैठक बोलाए । उक्त बैठकमा २०४५ सालमा मरिचमान सिंहको विरोधमा ल्याउन खोजिएको अविश्वासको प्रस्ताव दरबारले रोकेकाले त्यो प्रक्रिया अगाडि बढाउनुपर्ने र आन्दोलनकारीसँग वार्ता गर्नुपर्ने भन्ने सुझाव धेरैजसोको थियो ।

२३ गते साँझ वाणिज्यमन्त्री शरतसिंह भण्डारी चैत २४ गतेको संयुक्त राष्ट्रिय जनआन्दोलनद्वारा

जुलुसतिर मोडिए । संयुक्त राष्ट्रिय जनआन्दोलनका घटकहरूलाई भने शाही घोषणाले कुनै प्रभाव पारेको थिएन । त्यस दिन उसको नेतृत्वमा नेपाल बन्द घोषणा भएकाले व्यस्त र उत्साहित थिए ।

बिहान ७ बजे जैसीदेवलमा सानो जुलुस निस्कियो । राजतन्त्रविरोधी नारा लगाउँदै जुलुस नरदेवीतिर लाग्यो । जुलुस किलागल पुग्दा नरदेवी मन्दीरतिरबाट प्रहरीका बाहन आएका कारण जुलुस भेडासिंतिर मोडियो । तर असन र इन्द्रचोकबाट समेत पछ्याएको प्रहरीको चेपुवामा जुलुस पर्‍यो । भेडासिंमा पहिलो झडप भयो । तितरबितर भएको जुलुस असनमा जम्मा भएर फेरि अगाडि बढ्यो । त्यो जुलुस भोटाहिटीतिर लाग्यो । तर प्रहरीले अगाडि जान दिएन । उता जैसीदेवलबाट अर्को जुलुस टेकुतिर बढ्यो । त्यतिबेला बिहानको १० बजिसकेको थियो । पाटन र कीर्तिपुरमा पनि काठमाडौँ तातेको, झडप भैरहेको सूचना पुग्यो । त्यसपछि पाटन र कीर्तिपुरबाट जुलुस काठमाडौँ सोझियो । त्यसबेलासम्म कुनै दलका नेताहरू जुलुसमा थिएनन् । संयुक्त राष्ट्रिय जनआन्दोलनका तल्लो समितिका युवा र विद्यार्थी मात्र सहभागी थिए । मध्याह्न १२ बजे मात्र वाममोर्चा र नेपाली काङ्ग्रेसले ललितपुरको नाकबहालमा शाही घोषणाको विरुद्ध भेला बोलाएका थिए । त्यसबाट थाहा हुन्छ- वाम-काङ मोर्चा निक्कै पछाडि परेको थियो । वाम-काङले जुलुस काठमाडौँ नलग्ने सूचना दिएर भीड आक्रोशित भएपछि उनीहरूले निर्णय सच्याउन बाध्य भएको तथ्य 'जनता जागेका बेला' कृतिकी जापानी लेखक कियोको ओगुराले समेत बताएकी छिन् । संयुक्त राष्ट्रिय जनआन्दोलनले कीर्तिपुरवासीलाई नयाँबजारमा जम्मा भएर काठमाडौँ जाने सूचना सार्वजनिक गरेको थियो ।

अपराह्न १ बजे जुद्ध वारुणयन्त्रने सिट्टी बज्नासाथ एकाएक मान्छेको हूल अरिङ्गालझैँ इन्द्रचोक, पीपलबोट र नगरपालिका भवनतिरबाट ओइरियो । त्यो भीड नयाँसडक ढाक्दै द्वारतिर बढ्यो । जुलुसले राजाकै विरुद्ध नारा लगाएको थियो । त्यो नारा वाम-काङ मोर्चाको थिएन । जुलुसमा काङ्ग्रेसको पनि झन्डा भने देखिन्थ्यो । अनौठो के भयो भने त्यो विशाल जुलुसलाई प्रहरीले हस्तक्षेप गरेन । उल्टै प्रदर्शनकारीसँग हात मिलाएर बाइबाई गरे, हाँसेर बसिरहे । शाही घोषणा, त्यसको विरोध र जनआन्दोलनको विजयको चित्र तथा सूचना प्रहरीले पनि पाएको हुनुपर्छ ।

बिहान ११:३० मा त्रिचन्द्र क्याम्पस अगाडिबाट २ सयजति कानुन व्यवसायी गिरफ्तार भए । मरिचमानको बर्खास्ती र चन्दको शपथग्रहण भैनसकेको अराजक अवस्थामै कानुन व्यवसायीहरू पक्रिएका थिए ।

अपराह्न ३ बजेतिर काठमाडौँ, ललितपुर र कीर्तिपुरबाट आएको जुलुस सिंहदरबारतिरको पश्चिम भद्रकालीमा भेट भयो । त्यसपछि जुलुस नयाँसडक, इन्द्रचोक, बाङ्गेमुडा, ठमेल हुँदै त्रिदेवी मार्ग भएर राजदरबारतिर मोडियो । जमलबाट अर्को जुलुस पनि त्यहीँ पुग्यो । तर प्रहरीले जुलुसलाई अगाडि बढ्न दिएन । त्यसपछि जुलुस टुँडिखेलतिर मोडियो । खुलामञ्चमा नगरपालिकाले लगाएको ताल्चा फोडेर प्रदर्शनकारीहरू खुलामञ्चतिर पसे । खुलामञ्चको हाते माइकबाट वाम-काङका नेताहरूले राजाप्रति सम्मानका शब्दहरू बोलेपछि 'मञ्च छोड, पञ्चको दलाल' भन्दै चिच्याउन थाले । त्यसपछि मान्छेहरू जत्थाकजुरुक उठेर हिँड्न थाले । आक्रोशित भीड वीर अस्पतालतिर मोडियो । कसैले 'दरबार जाऔँ' भन्दै हात हल्लायो । रत्नपार्कमा रक्षात्मक अवस्थामा बसेका प्रहरीको घेरा तोड्दै जुलुस तीनधारा पाठशाला पुग्यो । जमलबाट अर्को जुलुस त्यहीँ पुग्यो । त्यहीँ धेरैबेर झडप भयो । आन्दोलनकारीको दबाबमा परेर प्रहरीहरू अन्नपूर्ण होटेलतिर पुगेका बेला जुलुस महेन्द्रको सालिकमा पुग्यो । सालिकमा चढेर एकजना युवकले जुत्ताले महेन्द्रको सालिकमा हान्यो । सालिकको श्रीपेच भाँचियो । दरबारतिरबाट आएको गोलीले त्यो अपरिचित युवक सडकमा ढल्यो । फेरि अर्को युवक सालिकमा चढ्यो । ऊ पनि ढल्यो । दरबारमार्ग रगतले रङ्गियो । अन्नपूर्ण होटेलअगाडि पहिलो पङ्क्तिमा प्रहरी र त्यसपछाडि शाहीसेना तैनाथ थियो । शाहीसेनाको गोलीले दर्जनौँ आन्दोलनकारी मारिए । आक्रोशित भीडले शाही परिवारद्वारा सञ्चालित शेर्पा होटेल तोडफोड गर्‍यो । मारिनेमध्ये २१ वर्षीय बुद्धिनाथ खनाल सुन्धाराको एक होटेलका कामदार थिए । अर्को पाटनका सानुकान्छो तामाङ थिए । त्यस दिन राजाकी बहिनी शान्ति र शारदाको घरको छतमा शाहीसेना गोली चलाउन तयार भएर बसेको भयावह चित्र देखिन्थ्यो । दरबारमार्गमा गोली चलेपछि प्रहरीले राजधानीका अधिकांश चोकमा गोली चलाउन थाल्यो । वीर अस्पतालको छतबाट त्यो बीभत्स दृश्य हेरिरहेका गणेशमान सिंहलाई अङ्ग्रेजी भाषाको अखबार 'मिडिया नेपाल' की सम्पादक भारती सिलवालले अब के होला ? भनी सोध्दा गणेशमानले 'ऊ क्रूर शासक निरोको जस्तो व्यवहार गर्दैछ । उसले यस अवस्थालाई यसरी नै नियन्त्रण गर्न सक्छु भन्ने सोचेको छ भने त्यो उसको मुर्खाई मात्रै हो' भनेका थिए । त्यसबेला कमलाक्षी, भोटाहिटी, बागबजार, कान्तिपथमा भिडन्त र गोली चलिरहेको थियो । कान्तिपथमा एकजना विदेशी पत्रकार पनि मारिए । आन्दोलनकारीले वीरअस्पताल छेउको नगरपञ्चायतको वडा कार्यालय जलाए । त्यसपछि रानीपोखरीको दक्षिणपूर्व किनारामा रहेको वागमती प्रहरी अञ्चल कार्यालयमा आगो लाग्यो । यातना र दमनको पोल खुल्ने भएले प्रहरीले नै आगो लगाएको आशंका पनि गरियो । तर त्यो विषयमा छानबिन नै नगरी 'आन्दोलनको कारण' ठानियो । साँझदेखि काठमाडौँसहित प्रमुख सहरमा कर्फ्यु आदेश गरियो । २५ गते बिहानदेखि राजबन्दीहरू रिहा गरिन थालिए ।

**च. आन्दोलनको भावनामाथि धोका**

शान्तिपूर्ण भनिएको आन्दोलन हिंसात्मक भएको र वाम-काङ गठबन्धनका विरुद्ध गणतन्त्रकै दिशामा आन्दोलन गएपछि राजदरबार मात्र होइन, काङ्ग्रेससमेत आफ्नो हातबाट नेतृत्व खुस्किएकोमा चिन्तित थियो । चन्द सरकारको नेतृत्वमा दरबारले वार्ता सुरु गर्‍यो । वाममोर्चाकी अध्यक्ष सहाना प्रधानसँग गुनासो गर्नुबाहेक अरू विकल्प थिएन । चैत २५ गते नै काङ्ग्रेसले दरबारसँग वार्ता गरिसकेको र सहमति कायम गरिसकेको थियो । चैत २६ गते दिनभर नेकपा (माले) सहित वाममोर्चालाई सहमत गराइयो । चैत २७ गते राति राजदरबार, नेपाली काङ्ग्रेस र वाममोर्चाका बीचमा राजबन्दीको रिहाइ, दलीय व्यवस्थाको बहालीको सर्तमा आन्दोलन स्थगित भएको घोषणा भयो । संयुक्त राष्ट्रिय जनआन्दोलनले त्यसलाई धोकापूर्ण त्रिपक्षीय सम्झौता भन्दै त्यसको विरुद्ध विज्ञप्ति जारी गर्‍यो । कर्फ्यु जारी नै थियो । राति नै जनता विजय जुलुसमा निस्किए । काठमाडौँ, चितवनलगायत ठाउँमा बहुदलको घोषणापछि पनि कयौँ नागरिक मारिए । शाही घोषणामा 'घुमाउरो पाराले बहुदलीय व्यवस्था स्वीकार गरिएको तर पञ्चायती निकाय खारेज नगरिएको अवस्था' थियो । त्यत्तिमै आन्दोलनको घाँटी निमोठिएको थियो ।

**छ. जनता उत्सवमा : बौद्धिक क्षेत्र निराशामा**

क्रान्तिकारी मोर्चा मात्र होइन, बौद्धिक जगत्

बाँकी पृष्ठ ७ मा

## कविता

# आऊ, मदत गरौँ !



**डा. रामप्रसाद ज्ञवाली**

मेरो देश-प्रदेश रुन्छ अहिले बारा र पर्सातिर
बग्छन् आँसु नदी बनेर, मुटु यो चर्किन्छ छातीभित्र
बाला, वृद्ध, युवा र प्रौढ नभनी कुल्चेर मार्‍यो सबै !
आयो बर्बर क्रूर निष्ठुर हुरी ! सर्वस्व पार्‍यो कठै !

खेल्दै खेल अनेक मस्त सुरमा केटा र केटी थिए
गर्दै सुन्दर कल्पना प्रणयका बेटा र बेटी थिए
बा-आमा परिवारनिम्ति पसिना पुछ्थे लुगा हम्कँदै
आयो बर्बर क्रूर निष्ठुर हुरी सर्वस्व पार्‍यो कठै !

मेलापात सकी बसेर रतिया निःश्वास फेर्दै थिइन्
माईले घरमा पसेर फरिया बिस्तार बेर्दै थिइन्
वृद्धावृद्ध सुनाउँथे विगतका किस्सा मिठा सम्झँदै
आयो बर्बर क्रूर निष्ठुर हुरी सर्वस्व पार्‍यो कठै !

कोक्राका कलिला मुनातक किची सङ्हारभित्रै पुरी
आमाको ममतामयी हृदयमा रोप्यो खुनीले छुरी !
छाप्रा वा घर मात्र हैन, बटुवा गाडी उडायो सबै !
आयो बर्बर क्रूर निष्ठुर हुरी सर्वस्व पार्‍यो कठै !

तेरो न्याय कहाँ छ भन् प्रकृति हे ! निर्धाहरू नै किचिस् !
छर्छन् जो पसिना तिनै जन लुटिस् ! बाली तिनैको मिचिस् !
गाईको कुन दोष हो र यसरी मारिस् किची गोठमै !
नानीको कुन दोष हो र यसरी मारिस् थिची ओठमै !

रैछस् दुष्ट र क्रूर निर्दय तँ ता, रैछस् नि सामन्त नै !
दुक्खीकै घरबास ज्यान निमठिस् ! आक्रान्त पारिस् सबै !
आत्तिन्नौँ तर सुन् खुनी प्रकृति हे ! विध्वंस जस्तो तँ गर् !
जुट्छौँ एक भई सबै मुलुक नै, मातेर हाँस्ने नगर् !

बाराका बिरुवा, मुना र रूखमा आरा चलेको क्षण
पर्साका घर-गोठमा प्रकृतिको फर्सा चलेको क्षण
हे मेरा प्रिय बन्धुबान्धवहरू ! हे देशवासी ! अब
आऊ एक बनौँ, गरौँ मदत क्यै, सक्छौँ नि जे जे सब ।

# नेकपाका स्थायी समिति सदस्य सुदर्शनसहित दुई सय ८० नेता–कार्यकर्ता पक्राउ

सरकारले दुई साताभित्र नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य सुदर्शनसहित दुई सय ८० नेता-कार्यकर्ता पक्राउ गरेको छ। सत्ताकै वरिष्ठ नेताहरु, प्रतिपक्ष र अन्य वामपन्थी दलहरु एवं नागरिक समाज, मानवअधिकारवादी, बुद्धिजीवी, नागरिक अगुवाहरुको चर्को विरोधका बाबजुद पनि नेकपामाथि फागुन २८ गतेयता सरकारले प्रतिवन्ध लगाए यता नेकपाका शीर्ष नेता हेमन्तप्रकाश ओलीसहित थुप्रै नेता-कार्यकर्तालाई सरकारले नियन्त्रणमा लिएको हो।

पक्राउ परेकामध्ये ३५ जना सोधपुछपछि छुटेका छन् भने २ सय ४५ जनालाई हिरासतमा राखेर छानबिन गरिरहेको प्रहरीले जनाएको छ। मध्यकमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' गएको शुक्रबार चैत्र ८ गते काभ्रेबाट पक्राउ परेका थिए। उनी पार्टीको महत्वपूर्ण जिम्मेवारी लिएका प्रभावशाली नेता हुन्। ओली विचार र दर्शनका क्षेत्रमा काम गर्ने नेताका रुपमा परिचित छन्।

प्रहरी प्रवक्ता उत्तमराज सुवेदीका अनुसार पोलिटब्युरो सदस्य मोहन कार्की ललितपुरबाट, केन्द्रीय सदस्य विजय श्रेष्ठ काभ्रेबाट, किरण राई 'दीपेश' धरानबाट र केन्द्रीय सदस्य बन्धु चन्द अछामबाट पक्राउ परेका थिए। अरू ब्युरो, जिल्ला र स्थानीय तहका नेता-कार्यकर्ता पक्राउ परेको नेकपाले जनाएको छ।

प्रहरीले नेकपाका सबैभन्दा धेरै नेता-कार्यकर्ता उपत्यकाको ललितपुर, भक्तपुर र काठमाडौंबाट पक्राउ गरेको छ। उपत्यकाबाट जम्मा ४७ जना पक्राउ परेका छन्। सबैभन्दा कम नेता-कार्यकर्ता सुदूरपश्चिमबाट ७ जना पक्राउ परेका छन्। ती सबैलाई हिरासतमा राखिएको छ।

### ३ नेताको रिहाइको मागसहित सवोच्चमा रिट

काठमाडौ । नेपाल कम्युनिस्ट पार्टीका तीन जना नेताको रिहाईको माग गर्दै आईतवार सवोच्च अदालतमा रिट दायर भएको छ । चैत १० गते गिरफ्तार घनश्याम श्रेष्ठ ९पुस्कर०, र माधव गौतम तथा चैत १३ गते गिरफ्तार कृष्ण कुमार श्रेष्ठ९ प्रज्वल०को रिहाईको माग गर्दै सवोच्चमा रिट दायर भएको हो।

पुस्कर नेकपाको व्युरो संयोजक तथा गौतम व्युरो सदस्य हुन् भने प्रज्वल जिल्ला ईन्चार्ज हुन्।

सरकारले गैरकानूनी रुपमा गिरफ्तार गरी गैरन्यायिक ढंगबाट प्रहरी हिरासतमा राखेको भन्दै तत्काल थुनामुक्त गर्न माग गर्दै प्रज्वलका तर्फबाट बिनोद श्रेष्ठले सवीच्च अदालतका उक्त रिट दर्ता गरेका छन्। भने पुस्करका तर्फबाट उनकी पत्नी गीता खरेलले रिट दायर गरेकी छन्।

रिटमा बिनोद श्रेष्ठले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमा आवद्ध भएको भनी वैचारीक आस्थाकै आधारमा गैरकानुनी रुपमा गिरफ्तार गरि हिरासतमा राखिएकोले भन्दै प्रज्वलको रिहाईको माग गरेका छन्।

लामो समयदेखि सन्चार क्षेत्रमा आबद्ध भई काम गर्दै आएका प्रज्वल युद्ध पत्रकार समेत हुन्। नेपाल पत्रकार महासंघका पार्सद समेत रहेका कृष्णकुमार श्रेष्ठ ९प्रज्वल० झण्डै दुई दशकदेखि पत्रकारीता क्षेत्रमा निरन्तर कृयाशिल छन्। उनी नेपाल पत्रकार महासंघ ललितपुर शाखाका सदस्य तथा पूर्व कोषाध्यक्ष समेत हुन्।

दसवर्षे जनयुद्धका बेला जनमुक्ति सेनामा काम गरेका उनले पछि पार्टी निर्देशनमा नै माओवादीले सन्चालन गरेको रेडियोमा जिम्मेवारी सम्हालेका थिए।

पूर्वाञ्चलका जिल्लाहरुमा केन्द्रित रहेर सञ्चालन भएको रेडियो जनगणतन्त्र ९५।१ मेघाहर्ज पूर्वी प्रशारण सेवामा लामो समय काम गरेका प्रज्वलले शान्ति प्रक्रिया अघि बढेसँगै काठमाडौं आएका केही समय रेडियो नेपालको 'घटना र विचार' कार्यक्रममा आबद्ध भएर समेत काम गरेका थिए।

शान्ति प्रक्रियाको दशकभर पत्रकारिता गरेर केही अघि मात्र फेरि पार्टीको जिल्ला नेतृत्व सम्हाल्न गएका श्रेष्ठ माओवादीको युवापंक्तिभित्र लोकप्रिय नेताका रुपमा चिनिन्छन्।

उनलाई मोरङको सुन्दरहरैचाको सलकपुर स्थित चिउरि मिलबाट सादा पोसाकका प्रहरीले नियन्त्रणमा लिएका थिए।

उता, लामो समयदेखि सन्चारक्षेत्रमा नै कृयाशिल अर्का नेकपा नेता पुस्करलाई पनि प्रही यहि चैत १० गते मोरङकै कानेपोखरी गाउँपालीका बयरबनस्थित नारायणचोकबाट गिरफ्तार गरेको हो।

पुस्करलाई इलाका प्रही कार्यलय ईटहरीमा र प्रज्वललाई ईलाका प्रहरी कार्यलय लौकहिमा राखिएको छ।

यस्तै आतवार नै अर्का नेता माधव गौतमलाई समेत गैरकानुनी रुपमा थुनामा राखिएको भन्दै सवीच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर भएको छ । गौतमका भाई सन्जिव गौतमले तत्काल हिर ासतमुक्त गर्न माग गर्दै रिट दायर गरेका हुन्। गौतमलाई पनि इलाका प्रहरी कार्यलय ईटहरीमा राखिएको छ।

उनलाई मोरङको नारायणचोकबाट यहि चैत १० गते नै प्रहीले गिरफ्तार गरेको हो।

तीन वटै रिटमाथि सोमवार बहस हुनेछ। उनीहरुलाई हातहतियार तथा खरखजना सम्बन्धि मुद्धामा फसाउने सड्यन्त्र गरेको भन्दै यसअघि नै नेकपाले बिरोध गर्दै आएको छ।

## सरकार तानाशाही ...

एमाले हुँदै केपी ओलीलाई प्रधानमन्त्री बनायो। १० बर्से जनयुद्धको बन्दुकले प्रचण्ड माथि पुगे। अहिले तिनीहरूकै सरकारले विप्लव नेकपालाई प्रतिबन्ध लगायो । यो सरकारको दमनकारी नीति हो । राजनीतिक कुरा राजनीतिक ढङ्गले टुङ्ग्याउनुपर्छ, प्रतिबन्ध लगाएर होइन।'

'सीके राउतसँगको सहमतिमा सरकार जनमत सङ्ग्रह गर्न तयार भएको हो कि होइन भनी किरणले प्रश्नसमेत गरे । द्वन्द्वात्मक भौतिकवाद, सर्वहारावर्गको अधिनायकत्व, वर्गसङ्घर्ष र निरन्तर क्रान्तिको मान्यतालाई आत्मसात् नगर्ने पार्टी कम्युनिस्ट पार्टी हुनै नसक्ने नेता किरणले बताए। उनले भने, 'कम्युनिस्ट भन्ने सत्तामा बसेको छ। म त यो सरकारलाई कम्युनिस्ट भन्दिनँ, हुँदा पनि होइन।'

## निशस्त्र व्यक्तिमाथि ...

जिल्ला नेतामाथि प्रहरीले आक्रमण गरेको पनि बताएको छ। प्रहरीको आक्रमणबाट नेकपाका मोरङ सेक्रेटरी नवराज भट्टराईको अवस्था गम्भीर भएको र उनको आईसीयूमा उपचार भैरहको बताएको छ।

प्रत्यक्षदर्शीका अनुसार नेकपा मोरङका जिल्ला नेता भट्टराई मोटरसाइकलमा यात्रा गरिरहेको बेला प्रहरीको भ्यानले पछाडिबाट लखेटेको थियो र भट्टराई सवार मोटरसाइकल बिजुलीको खम्बामा ठोक्किँदा गम्भीर घाइते हुन पुगेका थिए। भट्टराईको मोरङको अस्पतालमा उपचार हुन नसकेपछि बीपी मेमोरियल अस्पताल धरानमा उपचार भैरहेको छ।

यसैबीच नेकपाले आफ्नो पार्टीको लडाइँ दलाल, राष्ट्रघाती, घूसखोर, भ्रष्टाचारी, मानवतस्कर, लुटेराहरूसँग भएको र सुरक्षासंयन्त्रसँग नभएको स्पष्ट पार्दै संयमित बन्न सुरक्षा निकायलाई आग्रह गरेको छ।

## पूर्व प्रधानसेनापतिले ...

राजनीतिक वार्ता र सहमति सबैभन्दा उपयुक्त विकल्प भएको क्षत्रीको भनाइ छ। सरकारले प्रतिबन्ध लगाएर गिरफ्तार गर्ने र नेकपाका महासचिव विप्लवले चैत महिनाभित्र फिर्ता नलिए सरकारमाथि नै प्रतिबन्ध लगाउने चेतावनीले मुठभेडको खोजिम रहेको क्षत्रीले औँल्याए। दुईचारवटा चन्दाका घटना र बम विस्फोट हुँदैमा विप्लवमाथि सुरक्षात्मक विकल्पबाट मात्रै नियन्त्रण गर्नु प्रत्युत्पादक हुने बताउँदै क्षत्रीले भने, 'असन्तुष्ट पक्षलाई मूल धारमा ल्याउन पहिलो र उपयुक्त विकल्प राजनीतिक समाधान नै हो। २/४ वटा चन्दाआतङ्क, विस्फोट तथा आगजनी हुँदैमा विप्लवमाथि सुरक्षात्मक विकल्पबाट मात्रै नियन्त्रण गर्नु प्रत्युत्पादक हुन सक्छ।'

उनले राजनीतिमा संलन विप्लव तथा नेकपासँग सरकारले 'पोलिटिकल्ली डिल' गर्नुपर्ने बताए । आफू सेनापति छँदा सरकार र राष्ट्रपतिसमक्ष अरू विकल्प नखोजी 'सेक्युरिटी अप्सन' बाट समस्या समाधान गर्नु हुँदैन भनेर सुझाव दिएको र अहिले पनि सेनाको त्यही नै धारणा रहेको आफूले पाएको उनले स्पष्ट पारे । बल प्रयोग र नियन्त्रणका अभियानले १० बर्से युद्धकालमा झनै माओवादीका सशस्त्र गतिविधि झाँगिएको भन्दै क्षत्रीले सुरक्षा निकायले चलाएको रोमियो, किलो, अल्फालगायत अपरेसनसमेत बल प्रयोगको नीतिकै कारण फेल खाएको क्षत्रीले स्वीकार गरे।

यसअघि नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पनि नेपालको सेना राष्ट्रवादी भएको र इतिहासमा जहिले पनि सेना देश, जनता र राष्टियताको पक्षधर रहेकाले बरु देशका शासकहरू नै राष्ट्रियताविरोधी भएको बताउँदै आएका थिए।

## विवादास्पद प्रलेस ...

प्रलेसको विरोध र नयाँ मार्क्सवादी लेनिनवादी माओवादी लेखक सङ्घ निर्माणका पक्षमा मत व्यक्त गरिरहेकै समयमा नेकपा पक्षधर सल्लाहकारहरूको राजीनामा आएको हो। नेकपा उच्च स्रोतले आफ्नो पक्षका तीन सल्लाहकारले प्रलेस छोडेको पुष्टि गरेको छ । प्रलेस सत्ताको दाबेदारी गर्ने दलाल पुँजीवादपरस्त सङ्गठनमा परिणत भएको भन्दै विरही, रेग्मी र पुनले केन्द्रीय सल्लाहकार समितिबाट राजीनामा दिएका हुन्।

प्रलेस ११ औं राष्ट्रिय सम्मेलनको तयारीमा छ। दलाल पुँजीवादी सत्ता निकट भ्रातृ सङ्गठन बन्दै गएको प्रलेसले यसै साता सम्मेलन गर्ने जनाएको थियो । प्रगतिशील लेखक सङ्घ सामन्तवाद, विस्तारवाद र साम्राज्यवादविरोधी स्रष्टाहरूको साझा मोर्चा भए पनि अहिले सत्तारूढ दल र अवसरछोपुवा लेखकहरूको भीडका रूपमा अघि बढाएको र यसले सङ्गठनात्मक क्षेत्रमा विचार-प्रतिबद्ध र सङ्गठन-सम्बद्ध लेखक-प्रतिभाहरूको साझा मञ्चका रूपमा आफूलाई विकास गर्न नसकेको राजीनामा दिएका सल्लाहकारहरूको भनाइ छ । हाल प्रलेसमा जनयुद्धविरोधी, जनयुद्धलाई सामाजिक फासिवाद र फासिवादी आतङ्क भन्ने र वर्तमानमा सरकारले नेकपालाई प्रतिबन्ध लगाएको घटनालाई स्वीकार/समर्थन गर्ने लेखक र गैरलेखकहरूको मूल नेतृत्व छ।

सङ्घबाट राजीनामा दिने सल्लाहकारमध्येका एक विरहीले भनेका छन्, 'सामन्तवाद, विस्तारवाद, साम्राज्यवादविरोधी सङ्घर्ष नेपालमा जारी छ तर प्रलेसले त्यो भूमिका निर्वाह गर्न सकेन।'

प्रलेसलाई तत्काल बदल्ने सम्भावनासमेत नरहेको प्रस्ट पार्दै विरहीले दलाल पुँजीवादका विरुद्ध आन्दोलन उठानका लागि आफूहरूले प्रलेस केन्द्रीय सल्लाहकार समितिबाट राजीनामा दिएको बताएका छन्।

## चैत्र २४ को ...

पनि त्रिपक्षीय सम्झौताबाट निराश थियो । देवेन्द्रराज पाण्डेले समाचार सुन्नासाथ गिरिजाप्रसाद कोइरालालाई फोन गरेर भने, 'म तपाईंहरूबाट ज्यादै निराश भएको छु। तपाईंहरूले जनताको चाहनाहरूको बेवास्ता गरेर सम्झौता गर्नुभयो । यो जनतामाथि विश्वासघात हो।'

त्यसबेला पाण्डेको आँखामा आँसु टिलपिल भएको थियो । नेकपा (माले) का नेता राधाकृष्ण मैनालीलाई दरबारसँगको वार्तामा जाने निर्णय त के सूचनासम्म थिएन । जानीजानी सम्पर्कविच्छेद गरेर मैनाली दरबार पुगेका थिए। पञ्चायती व्यवस्थाभित्र बहुदलीयताका पक्षमा दरबारले वैशाख ३ गतेसम्म कोसिस गर्‍यो। २०४७ वैशाख ३ गते बिहान राजा वीरेन्द्रले राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समिति र ६ वटा जनवर्गीय सङ्गठन विघटनको घोषणा गरे। राजाले गणेशमान सिंहलाई प्रम हुन भने पनि उनी तयार नभएपछि कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारका प्रधानमन्त्री भए।

**ज. सारसङ्क्षेप**

पञ्च र नेपाली काङ्ग्रेसको वर्गीय पक्षधरता एउटै थियो। यिनीहरू दुवै सामन्तवादी-साम्राज्यवादी धाराका वाहक थिए। नेकपा (माले) वैचारिक रूपमा स्खलित र व्यावहारिक रूपमा अवतरणको संक्रमणमा थियो । सत्तारुढ हुनासाथ काङ्ग्रेस-वाममोर्चाले पञ्चायतभन्दा पनि जनविरोधी-राष्ट्रविरोधी कामहरू गर्न थाले । पञ्चायती कालका उद्योगहरू टाट पल्टाउने, निजीकरण गर्ने र परनिर्भरता बढाउने काममा उनीहरूले पञ्चायतलाई पछाडि पारे । २०४७ चैत २४ गते सरकारको विरुद्ध शान्तिपूर्ण आन्दोलनको दौरानमा देशको राजधानीमै दर्जनौँ नागरिक मारिए । उनीहरू जनविरोधी, निरङ्कुश पनि साबित भए। नेपाली काङ्ग्रेस र राज्यले नै पहिलोपटक जनताका विरुद्ध बन्दुक उठाए । जनताले २०५२ सालमा त्यसको व्यवस्थित प्रतिरोध गरेका थिए। आज फेरि काङ्ग्रेस-एमाले सत्तामा छन् र प्रचण्ड समूह तत्कालीन एमालेको स्थानमा छ । उनीहरूले जनतामाथि शोषण, दमन र राष्ट्रघात जारी गरे भने जनताले व्यवस्थित र उचित समयमा प्रतिरोध गर्नेछन् । चैत २४ को ऐतिहासिक शिक्षा लिने कि इतिहास दोहोर्‍याउने !




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**

**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन: ४२६२९७०, ४२६३४८५

# पुष्करसहित तीन नेताको रिहाइ माग गर्दै सर्वोच्चमा रिट



■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका कोसी ब्युरो संयोजक घनश्याम श्रेष्ठ (पुष्कर) सहित तीनजना नेताको रिहाइको माग गर्दै आइतबार सर्वोच्च अदालतमा दायर बन्दी प्रत्यक्षीकरण रिटमाथिको बहस सकिएको छ । चैत १० गते गिरफ्तार घनश्याम श्रेष्ठ (पुष्कर) र माधव गौतम तथा चैत १३ गते गिरफ्तार कृष्णकुमार श्रेष्ठ (प्रज्वल) को रिहाइको माग गर्दै सर्वोच्चमा रिट दायर भएको थियो । छुट्टाछुट्टै परेका तीनवटा रिटमाथि इजलास नम्बर ४ मा सोमबार न्यायाधीश हरिकृष्ण कार्कीको एकल इजलासमा बहस भएको छ । सरकारले गैरकानुनी रूपमा गिरफ्तार गरी गैरन्यायिक ढङ्गबाट प्रहरी हिरासतमा राखेको भन्दै तत्काल थुनामुक्त गर्न माग गर्दै पुष्करको हकमा उनकी पत्नी गीता खरेल, माधव गौतमको हकमा भाइ सञ्जीव गौतम र प्रज्वलका तर्फबाट विनोद श्रेष्ठले सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए ।

# गिरफ्तार गरिएकाहरूलाई रिहा नगरिए जनप्रतिरोध हुन्छ : नेकपा

नेपाल कम्युनिस्ट पार्टीले सरकारद्वारा गिरफ्तार गरिएका नेता-कार्यकर्ताहरूलाई तुरुन्त रिहा नगरिए जनप्रतिरोधमार्फत कडा कदम चाल्न बाध्य हुने र त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार पनि सरकार नै हुने चेतावनी दिएको छ । नेकपाका पोलिटब्युरो सदस्य तथा पूर्वी कमान्ड इन्चार्ज अनिल शर्मा 'विरही' प्रेसविज्ञप्ति जारी गर्दै गिरफ्तार गरिएका सबैलाई तत्काल बिनासर्त रिहा नगरिए जनप्रतिरोधमार्फत सङ्घर्ष गर्न बाध्य हुने र त्यसबाट उत्पन्न परिणामको जिम्मेवार सरकार नै हुने बताएका हुन् ।

नेकपाका मोरङ जिल्ला इन्चार्ज कृष्णकुमार श्रेष्ठ (प्रज्वल) लाई प्रहरीले पक्राउ गरेपछि तत्काल रिहा गर्न माग गर्दै नेता विरहीले श्रेष्ठलाई झुट्ठा मुद्दामा फसाउने षड्यन्त्र गरिएको बताएका छन् । विरहीले विज्ञप्तिमा 'सामाजिक दलाल फासिवादी सरकार' को निर्देशनमा प्रहरी प्रशासनले पार्टीका जिल्ला इन्चार्ज श्रेष्ठलाई गिरफ्तार गरेर झुट्ठा मुद्दामा फसाउन खोजेको भन्दै निन्दा गरेका छन् । श्रेष्ठलाई बुधबार मोरङको सुन्दरहैंचामा हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको थियो । राष्ट्रियता र जनताको पूर्ण अधिकारका लागि राजनीतिक आन्दोलन चलाइरहेको अवस्थामा पार्टीमाथि प्रतिबन्ध लगाएर नेता, कार्यकर्ता र समर्थकमाथि दमन र धरपकड मच्चाएको नेता विरहीको भनाइ छ । विरहीद्वारा बिहीबार जारी प्रेसविज्ञप्तिमा भनिएको छ, 'नेपाली उत्पीडित तथा श्रमजीवी जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्ध र नेता-कार्यकर्ताको गिरफ्तारी फासिवादको भद्दा नमुना हो । यसबाट केपी-बादल कम्पनी सामाजिक दलाल पुँजीवादबाट सामाजिक फासिवादतर्फ पतन हुन्दैछ' भन्ने कुरा पुष्टि भएको छ ।'

## केपी वलीको पुतला दहन, क्याम्पसभित्रैबाट विद्यार्थी नेता गिरफ्तार

**पोखरा** : नेपाल कम्युनिस्ट पार्टी निकट विद्यार्थीले पोखराको पृथ्वीनारायण क्याम्पसमा प्रधानमन्त्री केपी शर्मा वलीको पुतला जलाएका छन् । सरकारी दमन र प्रतिबन्धको विरोध गर्दै विद्यार्थीले प्रधानमन्त्रीको पुतला दहन गरिरहेको बेला पोखराको पृथ्वीनारायण क्याम्पसका जिल्ला अध्यक्ष प्रकाश बास्तोलासहित तीनजना विद्यार्थी नेता पक्राउ परेका हुन् ।

अखिल (क्रान्तिकारी) ले प्रदेश नं. २ मा योजनाबद्ध रूपमा एसईई परीक्षापत्रमा भएको अनियमितता, पोखरा विश्वविद्यालयमा भएको परीक्षार्थीको परीक्षा स्थगन र नेकपामाथि लगाइएको प्रतिबन्धका विरुद्ध प्रधानमन्त्रीको पुतला जलाएका थिए । विरोधको कार्यक्रम सकेर विद्यार्थी क्याम्पसभित्र छिरिसकेपछि प्रहरीले पक्राउ गरेको थियो । अखिल (क्रान्तिकारी) गण्डक ब्युरो सदस्य तथा पृथ्वीनारायण क्याम्पस जिल्लाका अध्यक्ष, सहिद विजय बास्तोलाका पुत्र प्रकाश बास्तोला र अर्का विद्यार्थी नेता उज्ज्वल पुनलाई पृथ्वीनारायण क्याम्पसभित्रबाट प्रहरीले पक्राउ गरेको हो ।

यसैगरी पत्रकार महासङ्घ कास्कीका निवर्तमान उपाध्यक्ष राजेन्द्र अधिकारी पनि पक्राउ परेका छन् । उनीहरू तीनैजना कास्की प्रहरी परिसरमा छन् । शान्तिपूर्ण कार्यक्रम गर्दा प्रहरीले धरपकड गरेको भन्दै विद्यार्थीले विरोध गरेका छन् ।

यसैगरी , नेकपाका कास्की जिल्ला प्रमुख रामकाजी गुरुङलाई शुक्रबार साँझ पोखरा २५ याम्दीबाट प्रहरीले पक्राउ गरेको छ । प्रहरीले गतसाता सोही पार्टीका तमुवान जनपरिषद्का संयोजक लेखनाथ निवासी किसानसिंह गुरुङलाई पक्राउ गरेको थियो । सरकारले नेकपाका गतिविधिमाथि प्रतिबन्ध लगाएसँगै गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट नेकपाका २२ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

## नेकपाका स्याङ्जा सेक्रेटरी गोकुलसहित दुईजना गिरफ्तार

**स्याङ्जा** : नेपाल कम्युनिस्ट पार्टी स्याङ्जाका दुई नेता गिरफ्तार भएका छन् । मोटरसाइकलमा हिँड्दै गरेको अवस्थामा स्याङ्जा जिल्ला सेक्रेटरी गोकुल पराजुली र मजदुर महासङ्घका अध्यक्ष गोविन्द ओली 'जीवन' पक्राउ परेका हुन् । उनीहरूलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको टोलीले पुतलीबजार नगरपालिका १३ स्थित छहरीखोलामा पक्राउ गरेको नेकपाले जनाएको छ । दुवैजनालाई राज्यविरुद्धको अपराध र विस्फोटक पदार्थसम्बन्धी कसुरमा अनुसन्धानका लागि शुक्रबार अदालतबाट तीन दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालयले बताएको छ ।

# दमन गर्नेलाई नछोड्ने नेकपाको चेतावनी

■ रातो खबर संवाददाता/झापा

नेपाल कम्युनिस्ट पार्टी मेची ब्युरो कार्यालयले विज्ञप्ति जारी गर्दै इलाम जिल्लाका प्रजिअ र एसपीले आफ्नो दमनकारी गतिविधि नबदले बीसौं वर्षपछि भए पनि नछोड्ने चेतावनी दिएको छ । आफ्नो पार्टीले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानकै क्रममा जनतासँग छलफल, अन्तर्क्रिया र भेटघाट गरिहँदा दक्षिणी इलामको चुलाचुली गाउँपालिका वडा नं. ६ स्थित फुङ्नाम गाउँमा हतियारधारी प्रहरी आएर जनतालाई अनावश्यक रूपमा धम्की र त्रास सिर्जना गरी जनताको कन्चटमा पेस्तोल ताक्ने काम गर्नुका साथै महिलालाई अपशब्द र गालीगलौज गरी अभियन्ताहरूले पार्किङ गरेर राखेको मे ७ प ६१० नम्बरको होन्डा साइन, को ४ प ७२३ नम्बरको बजाज पल्सर र को ८ प १४५६ नम्बर को यामाहा बाइक लुटपाट गरी लगेपछि नेकपा मेची ब्युरो आक्रोशित बनेको हो । मेची ब्युरो कार्यालयका तर्फबाट सदस्य ताराद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'उक्त लुटेरा समूहलाई त्यसरी लुटपाट मच्चाउन आदेश दिने प्रजिअ र प्रहरी प्रमुखको हर्कतको निन्दा र भर्त्सना गर्दै लुटपाट गरिएका सवारीसाधन तुरुन्त फिर्ता गर्न माग गर्दछौं । यसरी नै प्रहरीहरू जनतामाथि जाइलाग्ने हो भने जनताका तर्फबाट गतिलो प्रतिरोध गरेर जबाफ दिइनेछ ।'

# नेकपाका नेता तथा कार्यकर्ता जनश्रमदानमा व्यस्त

■ रातो खबर संवाददाता/इलाम

नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताले जनश्रमदानलाई निरन्तरता दिएका छन् ।

सरकारले प्रतिबन्ध लगाएसँगै नेता-कार्यकर्तामाथि धरपकड बढिरहेका बेलासमेत नेकपाका नेता तथा कार्यकर्ताहरू जनश्रमदानमा जुटेका छन् ।

पछिल्लो समय पूर्वका ब्युरो र जिल्लास्तरका नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने कार्य बढिरहेका बेला इलाम जिल्लाका नेता तथा कार्यकर्ताहरू भने विभिन्न जिल्लामा जनताको घरदैलोमा गएर श्रमदानमा व्यस्त छन् ।

जिल्ला सङ्गठन इलामको आयोजनामा खटिएका नेता तथा कार्यकर्ताहरूले स्थानीय जनताको मुडा चिरिदिने, दाउरा बोक्नेलगायत काम गरेको जनाइएको छ । उक्त टोलीको नेतृत्व जिल्ला सचिव दीपेनले गरेका थिए ।







निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुबेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं